
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ जेठ २८ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 June 11 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८३

## जिसस, पर्सामा एमाले–जसपा गठबन्धनको जीत

प्रस, वीरगंज, २७ जेठ/

जिल्ला समन्वय समिति, पर्साको सभापतिमा नीरज (अजय) साह सोनार विजयी भएका छन् । एमाले–जसपा गठबन्धन मिलेर चुनाव लडेकोमा सबै पदमा गठबन्धनका उम्मेदवार विजयी भएका छन्। सोनार जसपाबाट सभापति पदका उम्मेदवार थिए ।



नवनिर्वाचित जिसस पर्साका सभापति, उपसभापति र सदस्यहरू । तस्वीरः प्रतीक

यसैगरी उपसभापतिमा गठबन्धनबाट एमालेका पुरन साह विजयी भएका छन्। नौ सदस्यीय जिसस पर्सामा जसपाबाट तीन र एमालेका चारजना सदस्य विजयी भएका छन्। जसपाबाट विजय कुर्मीले १६ मत पाए भने रेखा साह (राजपति देवी), वयन्ती देवी र एमालेबाट सलीम मियाँ अन्सारी, सुशीला कामी, श्रीकान्तीदेवी थरूनी र रामप्रसाद यादवले १५/१५ मत पाएर विजयी भएका छन्।

एमाले–जसपा गठबन्धन बनेपछि जिससमा एमालेको १० र जसपाको ५ गरी १५ मत थियो। यसैगरी नेका १२ र लोसपा १ गरी १३ मत थियो । नेका–लोसपा गठबन्धनबाट मनोज रौनियारले मात्र १२ मत पाए भने सभापतिमा सरोज चौरसिया, उपसभापतिमा कुमारी सोनी र सदस्यहरूमा सन्दीप साह, महमुद राय, वसन्ती थरूनी, सीतादेवी थरूनी, भगवतीदेवी धिताल नेकाका उम्मेदवार र लोसपाका प्रेम मुखिया बिनले १३/१३ मत पाए ।

हालै सम्पन्न स्थानीय तहको चुनाउमा वीरगंज महानगरलगायत पालिकाहरूमा सत्तारूढ पाँच दलीय गठबन्धन देखिएको थियो भने कार्यपालिका सदस्य निर्वाचनमा पूर्व गठबन्धनविपरीत स्वार्थ अनुकूल गठबन्धन गरिएको थियो । जिसस निर्वाचनमा पनि स्वार्थ अनुकूल तालमेल देखियो ।

नवनिर्वाचित जिसस सभापति, उपसभापति र सदस्यहरूलाई एमालेका जयप्रकाश थारू, राजकुमार गुप्ता, जसपाका सांसद प्रदीप यादव, जिल्ला अध्यक्ष रामनरेश यादव, नगरप्रमुख राजेशमान सिंहलगायतले बधाई दिएका थिए ।

## बाली भित्रिएपछि मकैसम्बन्धी अभिमुखीकरण

नरेश यादव, पर्सागढी २७ जेठ/

पर्सागढी नगरपालिकाले स्थानीय किसानले मकै बाली भित्र्याएपछि सो सम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ ।


तस्वीरः प्रतीक

पर्सागढी नपाको आयोजनामा मकै उत्पादन प्रवर्द्धन बाली विकास कार्यक्रम अन्तर्गत मकै कार्यक्रमबारे अभिमुखीकरण गोष्ठी बुधवार आयोजना गर्दा सहभागी किसानहरूले नपाको खुलेर विरोध गरेका थिए ।

गोष्ठीमा नगरपालिका अन्तर्गत रहेको तीनवटै मकै ब्लक–सुनखरी कृषि सहकारी संस्था, सुशासन कृषि सहकारी संस्था, पर्सा कृषि समूहका कृषकहरूको सहभागिता थियो र उनीहरूले मकै बाली भित्रिएपछि सोसम्बन्धी गोष्ठी गर्नुको औचित्य नभएको भन्दै नपाको आलोचना गरेका थिए ।

गोष्ठीमा मकैबालीको उत्पादन, बालीमा लाग्ने कीराको समाधान कसरी गर्ने, नपाले निश्शुल्क दिने विभिन्न कृषि सामग्रीहरूबारे कृषि शाखा प्रमुख खड्गबहादुर खत्रीले जानकारी गराएका थिए ।

कार्यक्रममा कृषक सबिर अन्सारीले नपाको काम कारबाई कागजमा मात्र सीमित रहेको आरोप लगाए । उनले किसानहरूले यो सिजनको मकै बाली भित्र्याइसकेको तर नपाले कुनै पनि सहयोग नगरेको बताए। उनले मकै बाली गर्नु अगावै दिनुपर्ने ज्ञानगुनका कुरा मकै बाली सकिएपछि दिनुको अर्थ नभएको तर्क गरे । नपाको काम आलोचनायुक्त रहेको भन्दै उनले यसलाई सुधार गर्न सुझाव दिए ।

यसैगरी अर्का किसान दीपेश नेपाल, विक्रम कार्कीले पनि किसानहरूले मकै बाली भित्र्याइसकेको बेला औपचारिकता पूरा गर्न यस वर्ष पनि नपाले कार्यक्रम गर्नु दुःखद भएको बताए । नपा यस मानेमा पनि किसानमैत्री नभएको पुष्टि भएको उनीहरूको आरोप थियो ।

गोष्ठीमा नपाका प्रमुख प्रशासकीय अधिकृत भरतप्रसाद यादवले आगामी वर्ष किसानहरूको गुनासो, सल्लाह अनुसार कार्य हुने बताए। यो आवमा किसानहरूको लागि क्षमता विकास, समयमा बीउबिजनको उपलब्धताबारे नपा गम्भीर रहेको बताएका थिए ।

अब हुने खेतीसम्बन्धमा नपाले किसानहरूलाई अगावै सचेतना गराउने र सहयोग उपलब्ध गराउने उनले आश्वासन दिए।

कार्यक्रममा वडाध्यक्ष शेख खुर्शिदलगायत सहभागिता थियो ।

## फेटामा ५४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २७ जेठ/

स्वास्थ्यकर्मी महासङ्घ नेपाल मधेस प्रदेशको आयोजनामा शुक्रवार १७औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा ५४ जनाले रक्तदान गरेका छन् ।


तस्वीरः प्रतीक

रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले रक्तदान कार्यक्रममा पप्पु सिंह, नरेश साह, अरविन्द चौधरी, मुमताज अन्सारी, जयप्रकाश साह, विनोद चौहान, मोहन दास, धर्मेन्द्र बैठा र दिलीप साह गरी ५४ जनाले रक्तदान गरेको बताए ।

बाराको फेटा गापा–३ मा आयोजित रक्तदान कार्यक्रमको अध्यक्षता महासङ्घका अध्यक्ष कुरान अलि ठकुराईले गरेका थिए भने प्रमुख अतिथि गापा अध्यक्ष रूस्तम अन्सारी थिए । यसैगरी कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कमलेश मिश्रलगायतको सहभागिता थियो ।

## ज्ञापनपत्र बुझाउन छुट्टाछुट्टै टोली काठमाडौंमा

### निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न जोडदार माग

प्रस, निजगढ, २७ जेठ/

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न जोडदार माग गर्दै निजगढबाट गएको छुट्टाछुट्टै टोली काठमाडौंमा व्यस्त छ । एउटा टोलीमा नेकपा एमालेका नेता तथा पूर्वमन्त्री


तस्वीरः प्रतीक

पुरुषोत्तम पौडेल, नेता अच्युत मैनाली सामेल छन् भने अर्को टोलीमा नेपाली काङ्ग्रेसका नेता तथा खानेपानीमन्त्री उमाकान्त चौधरी, पूर्व राखेप सदस्य सचिव एवं नेकपा माओवादी केन्द्रका युवराज लामा सामेल छन् ।

एउटै राष्ट्रिय गौरवको आयोजना निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नका लागि छुट्टाछुट्टै टोली बहालवाला मन्त्री तथा विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूलाई ज्ञापनपत्र बुझाउन केही दिन यतादेखि व्यस्त छन् ।

निजगढमा दुई साता अघिदेखि निरन्तर सडक सङ्घर्ष गर्दै आइरहेका निजगढ सार्वजनिक सरोकार समिति र स्वतन्त्र युवा तथा विद्यार्थी सरोकार समितिको टोली बिहीवार काठमाडौ पुगी ज्ञापनपत्र बुझाएको थियो ।

बिहीवार नागरिक उड्डयन तथा पर्यटनमन्त्री प्रेमबहादुर आले, अर्थमन्त्री जर्नादन शर्मा, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङदेनलाई भेटी यथाशीघ्र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा सरकार अग्रसर हुनुपर्ने र विभिन्न राजनीतिक दलहरूका केन्द्रीय अध्यक्ष एवं नेतालगायतको समेत सार्थकतापूर्ण सक्रियता भइरहन आग्रह गरेका छन् ।

आज शुक्रवार नेपाली काङ्ग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमाले अध्यक्ष केपीशर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल लगायत नेताहरूसँग भेटी निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न जोडदार पहल गर्न र यथाशीघ्र निर्माण थाल्न आग्रह गरिएको निजगढ सार्वजनिक सरोकार समितिका संयोजक एकबहादुर श्रेष्ठले बताए ।

यस टोलीमा पूर्वमन्त्री पुरुषोत्तम पौडेल, एमाले नेता अच्युत मैनाली, निजगढ सार्वजनिक सरोकार समितिका संयोजक एकबहादुर श्रेष्ठ, सहसंयोजक पद्मबहादुर भण्डारी, नेपाली काङ्ग्रेस बारा जिल्ला सदस्य कृष्णप्रसाद खरेल, राप्रपा निजगढ नगर अध्यक्ष खडगराज उप्रेती, नेकपा एकीकृत



समाजवादी निजगढ नगर अध्यक्ष भीम सापकोटा, लोसपा निजगढ नगर अध्यक्ष मोजाहिर मन्सुर, निजगढ नपा पूर्व उपप्रमुख लीलादेवी लामिछाने, अम्बिका चौलागाईं, यमबहादुर खड्का, घनश्याम तिमल्सिना, नीलम बजगाईलगायत सहभागी छन् ।

त्यसैगरी अर्को टोलीमा निजगढमा स्थानीय तह निर्वाचनमा गठबन्धनका राजनीतिक दल नेपाली काङ्ग्रेस र नेकपा माओवादी केन्द्रका नेतालगायत छन् ।

जसमा नेपाली काङ्ग्रेसका नेता तथा खानेपानीमन्त्री उमाकान्त चौधरी, पूर्व राखेप सदस्य सचिव एर्व नेकपा माओवादी केन्द्रका युवराज लामा, नेपाली काङ्ग्रेस निजगढ नगर अध्यक्ष नवराज तिमल्सिना, नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष सन्तोष दङ्गाल, निजगढका पूर्व नगरप्रमुख सुरेशकुमार खनाल, मीना लामा, रविराज दङ्गाल, दीपक खड्का, बेनीबहादुर मोक्तानलगायत रहेका छन् । यस टोलीले पनि निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न जोडदार माग राखेको छ ।

"मन्त्री र नेताहरू निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न आतुर रहेको बुझिन्छ ।

हामीले सबै बाधा अडचन पन्छाएर छिटोभन्दा छिटो निर्माण गर्न आग्रह गरेका छौं"– स्वतन्त्र युवा तथा विद्यार्थी सरोकार समितिका संयोजक जयराम कुमरले भने ।

सर्वोच्च अदालतका पाँचजना न्यायाधीशहरूले यही जेठ १२ गते केही विमानस्थल निर्माण गर्दा वातावरण, पर्यावरणमा गम्भीर असर पर्ने, वन्यजन्तु, पानीको मूल, सिमसार क्षेत्र मासिने,

(बाँकी अन्तिम पातामा)

## सरसफाइसम्बन्धी सचेतनामूलक कार्यक्रम

प्रस, वीरगंज, २७ जेठ/

वीरगज महानगरको विभिन्न टोलको सरसफाइ तथा छाडा चौपायाको कारण कुरूप बन्दै गएपछि अहिले टोलवासी सक्रिय भएका छन् ।


तस्वीरः प्रतीक

छाडा चौपाया नियन्त्रण तथा फोहर व्यवस्थापनका लागि सामुदायिक सेवा केन्द्र श्रीपुर मुर्ली, त्रिमूर्ति टोल सुधार समिति, नगर प्रहरी र वडा प्रहरी कार्यालय श्रीपुरले शुक्रवार माइकिङ गर्दै सचेतना र्‍याली निकालेको थियो ।

प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वीरगंजको श्रीपुर, मुर्लीका विभिन्न टोलहरूमा घरआँगन सफा राख्न, जथाभावी फोहोर नफाल्न, तोकिएको समय र ठाउँमा फोहर फाल्न एवं जथाभावी पशु चौपाया नछोड्न आग्रह गर्दै माइकिङ गरिएको केन्द्रका सचिव दिलीप प्रधानले जानकारी दिए। उचित ठाउँमा फोहर नफ्याँके दण्ड–जरिवाना पनि हुने उनले बताए ।

नगरवासीले आफैं फोहर व्यवस्थापन गर्न नसके एक्लो महानगरले फोहर व्यवस्थापन गर्न नसक्ने उनले बताए ।

कार्यक्रममा वरिष्ठ पत्रकार जगदीश शर्मा, वीरगंज महानगरपालिकाका नगर प्रहरी, वडा प्रहरी कार्यालय श्रीपुरका सुरक्षाकर्मी, सामुदायिक सेवा केन्द्र श्रीपुरका पदाधिकारीहरूको उपस्थितिमा सचेतना कार्यक्रम गरिएको थियो ।

## विचारसार र सूक्तिहरू

**त्यो दिन व्यर्थ गयो जुन दिन अस्त भइरहेको सूर्यले तिम्रो हातबाट कुनै सेवा–कार्य देखेन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# शिकारीवासको पीडा

**यस वर्ष पनि शिकारीवासका किसानले चैते धान भित्र्याउन नपाउने भए । पाक्नै लागेको चैतेधानमा जङ्गली हात्तीको बथान पसेपछि यो त्रास बढेको हो। यसपटक केही महीनादेखि बस्तीमा हात्ती पसेको थिएन । धान पाक्नै लागेपछि हात्ती आएको हो । केही महीनादेखि बस्तीमा हात्ती प्रवेश नगर्दा किसानहरूमा ‘यसपटक धान भित्रयाउन पाइने भयो’ भन्ने आस पलाएको थियो । अकस्मात् हात्तीको हुल नै खेतमा पसेर धान विनाश गर्न थाले पछि किसानको आशा निराशामा परिणत हुने अवस्था आएको छ। बथानसहित आउने हात्तीले एकै रात कैयौं बिघा बाली स्वाहा पारिदिन्छ । एकपटक पल्केपछि वा बाली खान लायक भएको छ भन्ने थाहा पाए पछि नसकिउन्जेल आइरहन्छ। हात्तीको बथान खेतबाट हिंड्यो मात्रै भने पनि त्यहाँको बाली टिप्न लायक हुँदैन । सिंचाइ सुविधा रहेको शिकारीवासको माटो मलिलो छ। यहाँ वर्षमा तीन बाली लगाउन सकिन्छ, तर जङ्गली जनावरको कारण जति बाली लगाए पनि भित्र्याउन भने भगवान भरोसे छ। हरेक वर्ष हरेक बाली जङ्गली जनावरले विनाश गर्छ । सबै भन्दा धेरै क्षति जङ्गली हातीबाट हुन्छ । अन्य जनावरलाई जस्तो यसलाई धपाउन पनि सजिलो छैन । फेरि पनि शिकारीवासका आदिवासी थारूहरूले जङ्गली जनावरसँग दिनरात सङ्घर्ष गर्दै जति बचाउन सकियो आफ्नो भाग्य ठानेर चित्त बुझाउने गरेका छन् ।**

**ठोरी गाउँपालिका–३, शिकारीवास ऐतिहासिक तथा पालिकाकै जेठो बस्तीमध्ये एक हो। पर्सा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जको दोसाँध, जङ्गलबीच रहेको यो बस्ती सडक, सञ्चार, बिजुली, स्वच्छ पिउने पानीलगायत आधारभूत मानवीय सेवाबाट वञ्चित छ । करीब ०.५ वर्गकिलोमिटर क्षेत्रफल रहेको शिकारीवासमा विस्थापित हुने क्रमसँगै हाल करीब ४५ घरधुरीको बसोवास छ। उनीहरू अधिकांश सुकुम्बासी हुन् । अरूको जमीनमा अधिया वा ठेक्कामा बाली लगाउने आदिवासी थारूहरू, जङ्गली जनावरकै कारण हरेक बालीमा घाटा बेहोर्न बाध्य छन्। जग्गावालाहरू यहाँ बस्दैनन् । पुस्तौंदेखि यही बस्तीका मूल बासिन्दा थारू अन्यत्र जान पनि सक्दैनन्। मुख्यतः शिकारीवाससँग उनीहरूको पहिचान जोडिएको छ । यहाँको वातावरणसँग उनीहरूको भावनात्मक सम्बन्ध छ । अर्कोतर्फ अन्यत्र बसाइँ सर्नका लागि सम्पत्ति र शिक्षा हुनुपर्‍यो। उनीहरूसँग धन, सम्पत्ति छैन। बस्ती स्थानान्तरणको कुरा बेलाबेला उठ्ने गरेको छ तर सुकुम्बासी थारू समुदायको लागि जग्गाको प्रत्याभूति कतैबाट पनि आउन सकेको छैन ।**

**निकुञ्जको रेकर्ड अनुसार पर्सा जिल्लामा सबैभन्दा बढी हात्तीले बाली विनाश गर्ने ठाउँ शिकारीवास हो। उपाय धेरै छ, चासो कसैले दिएको छैन । जङ्गली जनावरको लागि बाली लगाइदिएबापत किसानले बाली अनुसार पारिश्रमिक पाउने व्यवस्था हुनुपर्छ। यसो भए जनावर दिउँसै आए पनि लखेटिँदैनन्, यसो गर्दा पर्यटकको धुइरो लाग्न सक्छ। हाल निकुञ्जले बाली राहतको व्यवस्था गरेको भए तापनि प्रक्रिया झन्झटिलो भएको कारण लक्षित वर्गले पाउन सकेको छैन। विकल्प–आरसिसी वालसहितको सोलार फेन्स राखेर बस्ती र बाली सुरक्षित गर्न सकिन्छ। त्यति पनि नभए जनावर नलाग्ने, जडिबुटी खेती गराउन सकिन्छ। यत्ति गर्नका लागि सोझा गाउँले न आफू सक्षम छन्, न सरकारसँग गुहार [redacted] नै छ।**

# वीरगंज चिनी कारखाना पुनः सुचारू हुने- हात्ती आयो फुस्सा

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**देशको झन्डै ८० लाख युवा विदेशिएपछि खेतीमा समेत काम गर्ने श्रमको अभाव छ। बहुराष्ट्रिय कम्पनीबाहेक कुनै पनि कारखाना विगत पचास वर्षमा खोलिएको छैन। एकाध छ्द्म उत्पादन गर्ने कारखानाबाहेक आफ्नो उत्पादन नै नभएपछि देश परनिर्भर हुनु स्वाभाविक हो।**

पाँच दलीय गठबन्धनको सरकारले यसपालिको नीति तथा कार्यक्रममा वीरगंज चिनी कारखाना, हेटौंडा कपडा कारखानालगायत हिजो बन्द भएका सरकार मातहतका कारखानाहरू पुनः सञ्चालन गर्ने उल्लेख गरेको छ। यो समाचार जनस्तरमा आइपुग्दा सरोकारवालाहरूमा खासै खुशीयाली अथवा उत्साह देखिएको छैन । उनीहरू भन्छन् पहिले पनि नेपाल सरकारका केही कथित कम्युनिस्ट मन्त्रीहरूले कारखानाहरू पुनः सञ्चालन गर्ने भनेका थिए तर के ती कारखाना सञ्चालन भए ? यदि त्यसै बेला सञ्चालन गरेको भए अहिले फेरि कारखाना सञ्चालनको निर्णय गर्नुपर्ने आवश्यकता पर्ने थिएन।

२०५९ सालमा वीरगंज चिनी कारखाना बन्द हुने भएपछि कर्मचारीहरूले चलाउनुपर्छ भन्दै पाइरहेको सुविधा बुझेनन् । उनीहरूले आजको मितिसम्म पनि कानूनीरूपले सुविधा बुझेर कारखाना छाडेका छैनन्। आजसम्म उनीहरू प्रत्येक पार्टीको सरकारको पालामा प्रधानमन्त्री तथा उद्योगमन्त्रीसँग भेटेर कारखाना सञ्चालन गराउन पटक–पटक लिखित, मौखिक आग्रह गर्दै आएका छन् । यिनीहरूमध्ये नेकपा माओवादीको प्रधानमन्त्री बाबुराम भट्टराई हुँदा उनीहरूले आश्वासन पनि निकै पाएका थिए र त्यतिबेला रूसबाट कारखाना पुनः चलाउने भनेर मेशिनहरू मरम्मत गर्न प्राविधिकहरू बोलाएर देखाएको समेत भनिएको थियो तर वीरगंज चिनी कारखाना होस् वा हेटौंडाको कपडा कारखाना अथवा जनकपुरको चुरोट कारखाना वा अन्य कुनै पनि बन्द रहेको कारखाना खुल्न सकेन। जतिबेला नेकपा माओवादी बहुमतमा थियो सबैभन्दा ठूलो पार्टीको रूपमा संसद्भित्र निर्वाचनबाट जितेर गएको थियो, त्यो बेलासमेत स्वयं माओवादीहरूले नै उठाउँदै आएको जनयुद्धताकाका मागहरू आधारभूत रूपमा सम्बोधन हुनेगरी संविधान बनाउन सकेनन्। पहिलो संविधानसभामा नेकपा माओवादी रहँदा तथा शान्ति प्रक्रियाको लागि दिल्ली दरबारको बाह्र बुँदे यात्रादेखि हतियार बुझाउने, लालसेना विघटन गर्ने, आधारभूत वर्गभन्दा पनि ठेकेदारहरूको पछि लाग्ने दलाल पूँजीवादको दलाली गर्ने संसदीय बाटोमा लाग्ने र अन्ततः क्रान्तिकारी धार छाडेर संसद्वादी घोर दक्षिणपन्थी धार आत्मसात् गर्दै जाने उसको प्रत्येक क्रियाकलापलाई जनताले नजीकबाट हेरिरहेको थियो। माओवादीले ठानेको थियो जनयुद्धमा गरेको त्याग बलिदानको ब्याजबाटै आफ्नो पुस्ताले सुखसयलमा सजिलै जीवन बिताउन पाइहाल्छ तर घटनाक्रम त्यसरी अगाडि बढ्न सकेन। दिनानुदिन माओवादी नेता कार्यकर्ताहरूको भ्रष्टीकरण हुँदै जाने जीवनशैलीबाट वाक्क हुँदै गएको जनताले सुध्रिन्छ कि भनेर यति बेलासम्मको निर्वाचनमा आइपुग्दा तेस्रो शक्तिको रूपमा, त्यो पनि गठबन्धन गर्दा, उभ्याएको कुरा जगजाहेर नै छ।

आगामी मङ्सिरमा प्रादेशिक तथा सङ्घीय चुनाव हुने हल्ला छ । त्यही चुनावलाई मध्यनजर गरेर फेरि एकचोटी सस्तो लोकप्रियता हासिल गर्न तथा गरीब निमुखा जनताको भोट आकर्षित गर्न अर्थमन्त्री जनार्दन शर्माले बन्द रहेको कारखाना पुनः सञ्चालन गर्ने कुरा नीति तथा कार्यक्रममा ल्याएको कुरा बुझ्न कसैलाई गाह्रो हुनेछैन। सबैलाई थाहा छ वीरगंज चिनी कारखानाभित्र उच्च अदालत जनकपुरको शाखा छ । कारखानाको जग्गा जहाँ उखुको गाडीहरू लाग्ने गर्थ्यो त्यो सशस्त्र प्रहरीलाई दिएर त्यहाँभित्र क्याम्प खडा गरिएको छ । चिनी कारखानाको क्वाटरहरू पर्सा जिल्लाका शिक्षा अधिकारीलगायत अन्य कर्मचारीहरूको क्वाटरमा परिणत भएको छ । अझै पनि क्वाटरहरू पहिलेका केही कारखानाका हाकिमहरू जो सुविधा बुझेर स्वेच्छिक अवकाशमा गए, तापनि क्वाटर छाडेका छैनन्, बरु उल्टै त्यसलाई भाडामा लगाएर मालामाल भइरहेका छन्। यस्तो वस्तुगत अवस्था रहेको चिनी मिललाई अब फेरि चलाउँछु भन्नु हात्ती आयो हात्ती आयो फुस्साबाहेक अरू के होला ?

वीरगंज चिनी कारखाना होस् अथवा हेटौंडा कपडा कारखाना वा अन्य कुनै पनि बन्द कारखानाहरू, नेपाल सरकारले चाहेर पनि सञ्चालन गर्न सक्दैन। बेला बेलामा नेपाली काङ्ग्रेसका युवा नेता गगन थापाले संसद्मा गर्जेको सबैले सुनेकै हो । नेपाली काङ्ग्रेसले कारखाना बन्द गर्ने निर्णय २०४२ सालमा गर्‍यो त्यो कुनै गलत निर्णय होइन। कारखानाहरू चरम घाटामा थिए त्यसैले बन्द गर्नुपर्‍यो त्यो सही निर्णय थियो। २०४२ सालयता थुप्रैचोटी नेपाल कम्युनिस्ट पार्टीको सरकार बन्यो किन कारखाना खोल्ने निर्णय गरेन अथवा खोल्न सकेन ? अझै पनि कसैले खोलेर देखाओस् । कसैले पनि यी बन्द भएका कारखानाहरू पुनः सञ्चालन गर्न सक्दैन, मेरो चुनौती हो।

अब सवाल उठ्छ आखिर गगन थापाले यति जोडदाररूपमा कसरी भन्न सकेका हुन् कि कारखाना कसैले चलाउन सक्दैन ? वास्तवमा सांसद थापाले ठीक भनेका छन् किनभने उनलाई थाहा छ, संसद्मा भएका सबै पार्टीहरू दलाल पूँजीवादका दलाल हुन् । नेपालमा कारखानाहरू चल्न थालेपछि यसको प्रत्यक्ष मारमा तिनै दलाल पूँजीपतिहरू पर्छन्। अहिले उनीहरू विदेशबाट कपडा, चिनीलगायत उपभोग्य वस्तु आयात गरेर मगाउँछन् र त्यसबापत आउने मोटो कमिशनले सुख मोजसँग आनन्दित भएर घर परिवार चलाएका छन्। चुनावको बेला तिनै दलाल पूँजीपतिहरूले मागे जति पैसा उपलब्ध गराउँछन् र यिनीहरू करोडौं रुपियाँ चुनावमा बाँड्न भ्याउँछन्। यस्तोमा कुन चाहिं मूर्ख होला जसले आफ्नो खुट्टामा आफैले बन्चरो हान्ला, त्यो पनि घोर दक्षिणपन्थी बाटोमा लागेका सांसद र नेता र तिनका पार्टीहरू ?

०४२ सालदेखि २०७९ सालसम्म आइपुग्दा नेपाली अर्थतन्त्र लगातार व्यापार घाटामा जानुको मुख्य कारक तत्त्व नै नेपाली उत्पादन विश्व बजारमा निर्यात गर्न नसक्नु हो। देशको झन्डै ८० लाख युवा विदेशमा भएपछि खेतीमा समेत काम गर्ने श्रमको अभाव छ। बहुराष्ट्रिय कम्पनीबाहेक कुनै पनि कारखाना विगत पचास वर्षमा खोलिएको छैन । एकाध छ्द्म उत्पादन गर्ने कारखानाबाहेक आफ्नो उत्पादन नै नभएपछि देश परनिर्भर हुनु स्वाभाविक हो । शिक्षा, स्वास्थ्य, सञ्चारजस्ता महत्त्वपूर्ण कुराहरू निजी क्षेत्रलाई हस्तान्तरण गरेपछि सरकारी शिक्षा, स्वास्थ्य तथा सञ्चारको अवस्था दुर्गतिबाहेक के हुन सक्छ ? देशभित्र कस्तो जनशक्ति चाहिन्छ त्यसको कुनै आकलन, लेखाजोखा तथा कार्यक्रम नै नभएपछि राहदानी बाँड्नुबाहेक अरू के विकल्प रहन जान्छ ? अनि जनतालाई उल्लू बनाउन संविधानभित्र समाजवादीमुखी लेखिन्छ । समाजवादमा समाजका सबै कारखाना बन्द गरेर वा निजीकरण गरेर देशको शिक्षा, स्वास्थ्य, सञ्चार, भूमि, जङ्गल, पानी सबै निजीको जिम्मा लगाएर दलाल नेताहरूले तिनै दलाल पूँजीपतिलाई मालामाल हुने अवस्था सिर्जना गरेका छन् । मुखले ‘समृद्ध नेपाल र सुखी नेपाली’को नारा केवल आम मानिसलाई भ्रममा राख्न मात्र लगाउने गरेका छन्।

# आज मध्यरातदेखि ३६४ मेगावाट विद्युत् भारत जाने, विद्युत् व्यापारमा नयाँ फड्को

– रमेश लम्साल

काठमाडौं, २७ जेठ/रासस

भारत सरकारले अनुमति दिएकै परिमाणमा विद्युत् निर्यात हुन थालेको छ । अघिल्ला वर्षमा वर्षाको समयमा जडित क्षमता अनुसार नै बिजुली उत्पादन हुँदा खेर जाने गरेको थियो। गत मनसुनमा मात्रै ५०० मेगावाट बराबर बिजुली खेर गएको थियो । बजार मूल्यमा हिसाब गर्दा रु पाँच अर्ब बराबर थियो ।

यस वर्ष भने प्राधिकरणले त्यो समस्या भोग्नुपरेको छैन । सरकारको सार्थक प्रयासका कारण यस वर्ष प्राधिकरणले बिजुली जगेडामा राख्नुपरेको छैन । आफ्ना विद्युत् उत्पादनगृह बन्द गरेर निजी क्षेत्रको बिजुली खरीद गर्नुपर्ने बाध्यतासमेत हटेको छ।

गत वर्ष प्राधिकरणले अर्धजलाशय प्रकृतिका आयोजनाको उत्पादन बन्द गरेर निजी क्षेत्रका आयोजनाबाट बिजुली खरीद गर्नैपर्ने बाध्यताका कारण समस्या भोग्नुपरेको थियो ।

यसपटक प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण, ऊर्जा जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालको नियमित पहल र प्राधिकरणको प्राविधिक तथा अन्य तयारीका कारण सार्थक सफलता प्राप्त भएको छ।

निर्यातका लागि प्राधिकरणले स्वीकृति पाएजति नै अर्थात् ३६४ मेगावाट बराबर बिजुली आजदेखि भारत निर्यात शुरू भएको छ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् यही जेठ १९ गतेदेखि भारतीय ऊर्जा एक्सचेन्ज ( आइएक्स) मार्केटमा प्रतिस्पर्धी दरमा बिक्री शुरू गरेको हो ।

भारतको विद्युत् मन्त्रालय अन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले ६वटा जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई स्रोत मानी ३६४ मेगावाट विद्युत् आइएक्स मार्केटमा बिक्री गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको थियो ।


गत चैतमा प्रधानमन्त्री देउवाको भारत भ्रमणका क्रममा नेपाल–भारतबीच ऊर्जा क्षेत्रमा सहकार्यसम्बन्धी संयुक्त दृष्टिकोणपत्र जारी भएको थियो । त्यसलगत्तै प्राधिकरणले थप चार जलविद्युत्गृहबाट उत्पादित विद्युत् भारत निर्यातका लागि स्वीकृति पाएको थियो।



तस्वीर: रासस

आजदेखि निजी क्षेत्रको ग्रीन भेन्चर्सको लिखु–४ बाट उत्पादित विद्युत् निर्यात भएसँगै स्वीकृति पाएजति विद्युत् भारतीय बजारमा बिक्री शुरू भएको हो। प्राधिकरणको स्वामित्वका त्रिशूली तथा देवीघाटको ३७.७ मेगावाट, कालीगण्डकी ‘ए’को १४० मेगावाट, मध्यमर्स्याङ्दीको ६८ मेगावाट, मर्स्याङ्दीको ६७ मेगावाट र निजी क्षेत्रको लिखु–४ बाट उत्पादित ५१ मेगावाट विद्युत् दैनिक भारतीय बजारमा निर्यात भइरहेको छ।

पानी परेसँगै नदीनालामा पानीको बहाव बढेर विद्युत्गृह पूर्ण क्षमतामा चल्न थालेपछि आन्तरिक खपत गरी अतिरिक्त भएको विद्युत् ढल्केबर–मुजफ्फपुर ४०० केभी अन्तर्देशीय प्रसारण लाइनमार्फत दैनिक भारतीय बजारमा निर्यात भइरहेको छ।




प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले निर्यातका लागि स्वीकृति पाएका सबै आयोजनाको विद्युत् भारतीय बजारमा बिक्री हुन थाल्नु दुई मुलुकबीच विद्युत् व्यापारका लागि कोसेढुङ्गा भएको बताए।

“स्वीकृत क्षमता अनुसारकै विद्युत् निर्यात शुरू भएसँगै दुई मुलुकका प्रधानमन्त्रीले संयुक्तरूपमा जारी गरेको ऊर्जा क्षेत्रमा सहकार्यसम्बन्धी संयुक्त दृष्टिकोणपत्र कार्यान्वयनको नयाँ चरणमा प्रवेश गरेको छ। यो दुई मुलुकबीचको विद्युत् व्यापारका लागि एउटा कोसेढुङ्गा हो, यसले दुई मुलुकबीचको व्यापार घाटा समेत कम गर्नेछ”–कार्यकारी निर्देशक घिसिङले भने।

आन्तरिकरूपमा खपत गरी अतिरिक्त भएको सबै विद्युत् निर्यात गरिरहेको उनले बताए । यसबाट मुलुकभित्र उत्पादित विद्युत् बिक्री गर्न

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ | २०७९ जेठ २८ गते शनिवार | 2022 June 11 Saturday 

# पुरुषार्थ प्रवर्द्धनको परम्परागत मान्यता

व्यङ्ग्य



सञ्जय मित्र

mitrasanjay41@gmail.com

आजका युवामा परम्परागत ज्ञान र प्रविधिको विषयमा खासै चासो रहेको देखिएको छैन। गाउँ–समाजमा प्रचलनमा रहेका पुराना सम्पत्तिहरू लोप हुन थालेका छन् । पहिले इनारसित सम्बन्धित धेरै लोकगीतहरू गाउँ–समाजमा प्रचलनमा थिए तर झन्डै दुई दशकदेखि इनारको प्रयोग बन्द भएपछि गाउँमा इनार खोज्नुपरेझैं इनारसित सम्बन्धित लोकगीत पनि खोज्नुपर्छ । गाउँमा पनि यस्ता गीत हराइरहेका छन्। न इनारको संरक्षण भएको छ, न इनारसित सम्बन्धित लोकगीतकै। यो त उदाहरण मात्र हो। यथार्थमा लोककथा, लोकगीत, उखान, विभिन्न स्थानीय गाथा, इतिहास र संस्कृतिसम्बन्धी मिथकहरू हराइरहेका छन्। हराइरहेका यस्तै लोकसम्पदामध्ये एक हो मानव जाति तथा चरित्र र प्रवृत्तिका विषयमा प्रचलित आहानहरू।

समाजमा बालबालिका, पुरुष, महिला, जीवन तथा पशुपक्षीको विषयमा अनेक मान्यता प्रचलनमा छन् । यस्तै मान्यतामध्ये एक हो – पुरुषार्थसम्बन्धी।

सोझो अर्थ पुरुषार्थ भनेको व्यक्तिले आर्जन गर्ने मान हो । व्यक्तिले निजी कारणले जुन मान आर्जन गर्दछ, त्यो कारण नै पुरुषार्थ हो ।

उसो भए पुरुषार्थमा महिलाको स्थान हुन्छ कि हुँदैन भन्ने प्रश्न आउँछ। पहिले यसको निराकरण गरौं ।

रामायणकालमा राजा शिरध्वज जनककी छोरीले गरेको पुरुषार्थले गर्दा उनलाई समग्र हिन्दू जातिमा निकै ठूलो सम्मान छ। यसविपरीत राजा दशरथकी छोरीबारे दुनियाँलाई खासै जानकारी छैन। यसैगरी दशरथका छोराबारे दुनियाँलाई जति धेरै थाहा छ, शिरध्वज जनकका छोराको विषयमा खासै मानिसलाई थाहा रहेन छ । राजा शिरध्वज जनकका छोराको पुरुषार्थ र राजा दशरथकी छोरीको पुरुषार्थ दुनियाँको दृष्टिमा आउन सकेन। यसबाट यो स्पष्ट हुन्छ कि पुरुषार्थ वा पौरुष पुरुषसित सम्बन्धित छ र पुरुष भनेको मानिस हो । यहाँ कर्मको लागि लिङ्ग विभाजन गरिएको पाइँदैन।

परम्परागत मान्यतामा पुरुषार्थ तीन किसिमको बताइएको छ ।

**प्रथम पुरुषार्थ** : पुत्रको नामबाट पिताले परिचय दिने – हरेक मानिसमा क्षमता हुन्छ । हरेक मानिस आफैंमा विशिष्ट हुन्छ। हरेक विशिष्ट मानिसले विशिष्ट काम गर्ने क्षमता पनि राख्दछ। र विशिष्ट काम गर्दै जाँदा विशिष्ट प्रतिभाशाली मानिसको नाम र पहिचान फैलिन थाल्छ । समाजमा मानिसले पहिचान आर्जन गरेपछि पितालाई आफ्नो सन्तानको नाममा गर्व हुन थाल्छ। पिताले कतै आफ्नो परिचय दिनुपर्दा यदि म फलानो वा फलानीको पिता हुँ भनेर गर्वका साथ सन्तानको नामोच्चारण गर्दछ भने यस किसिमको पुरुषार्थलाई प्रथम पुरुषार्थ मानिन्छ। यो सर्वश्रेष्ठ पुरुषार्थ हो। माथिको दृष्टान्तमा राजा शिरध्वज जनकको परिचय धेरै ठाउँमा छोरी सीतासित जोडिएको पाइन्छ। र अहिलेको समाजमा पनि पुरुषार्थलाई बढी मात्रामा पुरुषसितै जोडेर हेरिन्छ।

**द्वितीय पुरुषार्थ** : पिताको नामबाट सन्तानले परिचय दिने – यसलाई पनि साधारण पुरुषार्थ भनिन्छ । पिताको नामबाट आफ्नो परिचय स्थापित गर्ने वा आफ्नो परिचय दिने पुरुषार्थ हो । आफ्नो परिचय बनाउने क्रममा वा आफ्नो परिचय पूर्णरूपमा स्थापित हुनुभन्दा पहिले वा आफ्नो परिचय बनाउन नसकिने अवस्थामा पिताको नामबाट परिचय दिने वा पिताको नामसित परिचय स्पष्ट पार्ने पुरुषलाई द्वितीय पुरुषार्थी मानिन्छ । आफ्नो परिचयको अभावमा वा आफ्नो परिचय बनाउने क्रममा पिताको नामोच्चारण गर्वका साथ गरिने अवस्था हो। यसको अर्थ यो होइन कि यसमा माताको नामको कुनै मूल्य छैन । रामायणमा आफ्नो परिचय बताउने क्रममा कुश र लवले आफ्नी माताको नाम वनदेवी बताएका थिए। हाम्रो समुदायमा माताको नामबाट पनि परिचय बनाउने चलन निकै पुरानो छ। समाजमा सुपाच्य रहिआएको छ। यद्यपि वर्तमान अवस्थामा माताको नामबाट परिचय स्थापित गर्ने समय फेरि आउन थालेको छ।

**तृतीय पुरुषार्थ** : पत्नीको नामबाट पतिले परिचय दिने – पितृसत्तात्मक समाजले महिलालाई जहिले पनि पुरुषको संरक्षण दिएको छ। यो अन्यथा होइन पनि। साथ र सहयोग चाहिन्छ। महिलाले पुरुषको र पुरुषले महिलाको संरक्षण प्राप्त गर्नु स्वाभाविक हो। अहिले पछिल्ला दुई दशकदेखि मात्र महिलालाई घरबाहिर काम गर्न जाँदा सम्मानको दृष्टिले हेर्न थालिएको छ। यस दृष्टिले यहाँ पत्नीको नामबाट पतिको परिचय दिने भनिए पनि यसलाई पतिपत्नी दुवै बुझ्दा फरक पर्दैन। जो पतिको नामबाट परिचित हुन्छन् वा जो पत्नीको नामबाट परिचित हुन्छन्, ती तृतीय श्रेणीका पुरुषार्थीमा दरिन्छन्। पति र पत्नीमा फरक प्रतिभा हुन सक्छ। पतिको प्रतिभाको विस्तार वा पत्नीको प्रतिभाको विस्तारको आभाले एक अर्कोलाई आलोकित पार्न सक्छ तर अब एकको प्रतिभाले अर्कोको प्रतिभालाई आलोचित पार्ने अवस्था छैन। यदि हामीले सङ्कुचित मानसिकता त्याग गर्ने हो भने दुनियाँमा अहिले यस्तो पनि देश छ, जहाँ महाराजभन्दा महारानीलाई बढी सम्मान प्राप्त छ । बेलायतको महाराजको नाम धेरैलाई थाहा छैन, मिडियामा धेरै आउँदैन तर महारानीको नाम भने सधैं आइरहन्छ । नेपालको राजनैतिक इतिहासमा पनि यस्ता घटनाहरू पाइन्छन्, जहाँ महारानीको नामबाट चिनाउनुपर्ने अवस्था छ।

परम्परागत समाजमा प्रचलित यी तीन किसिमका पुरुषार्थ वा प्रतिभाले सङ्केतार्थमा धेरै कुरा बताएका छन् । वास्तवमा हरेक मानिसले आफ्नो प्रतिभाको पहिचान गरी आफैं योग्य र सक्षम बन्नुपर्ने र हरेक मानिस पहिलो दर्जा अर्थात् प्रथम पुरुषार्थी बन्नुपर्ने सङ्केत गरिएको छ। हरेक मानिस यदि प्रथम पुरुषार्थको श्रेणीमा पर्दछ भने यो दुनियाँ यहीं स्वर्गको समान बन्न पुग्छ।

मानिसले आफ्नो पहिचान बनाउनु पर्दछ। सम्भव भएसम्म आफ्नै पहिचानले चिनिनुपर्छ र आफ्नो परिचयको आलोक विस्तार हुँदा त्यसमा पिता–पुर्खा, सन्तान, समाज सबै आलोकित हुने अवसर प्राप्त हुन्छ। यसैगरी पिता वा माता तथा पति वा पत्नीले पनि राम्रो काम गरेमा तिनबाट पनि आफ्नो पुरुषार्थको परिचय सम्भव छ भन्ने कुरो पनि बताइएको छ। कुनै कारण वा विशेष परिस्थितिमा वा परिबन्दले गर्दा आफ्नो प्रतिभाको विस्तार गर्न सक्ने वातावरण बन्न सकेन भने यस्तो अवस्थामा छोरा वा छोरी अथवा पति वा पत्नीमा रहेको प्रतिभाको खोजी गरी त्यसलाई फक्रने अवसर दिनुपर्छ जसले गर्दा आफ्नो परिचय स्थापित हुन्छ र आलोकित पनि हुन्छ।

हामी आफ्ना मातापिताप्रति र सन्तानप्रति गर्व गर्न सक्छौं । माथिको पुरुषार्थले यो सिकाएको छ कि पतिले पत्नीमाथि वा पत्नीले पतिमाथि पनि गर्व गर्न सक्छन्। जो प्रतिभावान् छ, उसलाई अवसर दिनुपर्छ र दिएको अवसरले कम्तिमा मातापिता, पतिपत्नी र छोराछोरीलाई गर्व गर्ने अवसर प्रदान गर्दछ।

माथि गरिएको पुरुषार्थको चर्चा सामाजिक पुरुषार्थ हो भने शिक्षाको क्षेत्रमा पुरुषार्थको सन्दर्भ अझ गर्विलो छ । हाम्रो ग्रामीण समाजले शिक्षाको क्षेत्रमा पुरुषार्थलाई यसरी चिनाएको छ–

**शिष्यबाट गुरु चिनिने** – यो पुरुषार्थलाई शिक्षाको सर्वोत्तम पुरुषार्थ मानिन्छ। जब कोही गुरु आफ्नो शिष्यको नामबाट आफूलाई परिचित गराउँछन् वा जब शिष्यको नाम लिंदा गुरुको छाती गर्वले फुल्दछ तब यो स्वाभाविकरूपले उत्तम पुरुषार्थ बन्न पुग्दछ। यहाँ शिष्यको अर्थ शिष्या पनि हो।

**गुरुबाट शिष्य चिनिने** – यो द्वितीय पुरुषार्थ हो तर यो पनि धेरै महत्त्वपूर्ण छ । गुरुको नामबाट योग्य शिष्यले नै आफ्नो परिचयको शुरूआत गर्दछ । गुरुप्रति सम्मान दर्शाउने र गुरु–शिष्य परम्परालाई अगाडि बढाउने यस चलनलाई अनन्तकालसम्म विस्तार गर्नुपर्दछ।

समाजको अन्यान्य क्षेत्रमा पनि पुरुषार्थबारे विभिन्न धारणा प्रचलनमा रहेको छ । यस्ता सामाजिक धारणा तथा मान्यतालाई एकातिर जोगाउनुपरेको छ भने अर्कोतिर अभिलेखीकरण पनि गर्नुपरेको छ। हाम्रा कतिपय मान्यता र धारणा अभिलेखीकरणको अभावमा आफ्नो भनी दाबी गर्न सक्ने सम्भावना हुन्छ । सबै मान्यता तथा सामाजिक धारणाको सङ्ग्रह गर्न पनि स्थानीय र प्रदेश सरकारले सक्रियता देखाउनुपरेको छ । समाजको परम्परागत धारणामा धारण गर्न सकिने अनेक गुढ रहस्य छन्। ती रहस्यलाई बुझ्न र समाजमा असल चरित्र तथा संस्कार विकास गर्न प्रयोग गर्न यस्ता मान्यता तथा धारणाको सदुपयोग गर्नुपर्छ।

---

## (लघुकथा) सम्बन्ध

- वैद्यनाथ श्रमजीवी

गेट पालेले भित्र जान खोज्ने आगन्तुकलाई रोक्दै भने –

पर्खिनुस्,,,,। भेट्ने लिस्टमा हजुरको नाम छैन,,,,। हजुर भित्र जान पाउनुहुन्न।

आगन्तुक–तपाईं मलाई चिन्नुभएन। म वहाँको पुरानो साथी। काम विशेषले भेट्नु छ।

गेट पाले –हिजोको तपाईंको सम्बन्ध मलाई थाहा छैन। म आदेशपाल हो। लिस्टमा नाम नभएकासँग मेरो मतलब छैन।

आगन्तुक–तिहारको बेला छ। लिनुस् पाले दाइ यो सय रुपियाँ। घरमा नानीबाबुहरूलाई मिठाई खुवाउनुहोला।

गेट पाले – ए...। हजुरको नाम पुच्छारतिर रहेछ, कसो नदेखेको...। जानोस् जानोस्...। म भन्दानि निकै बलियो सम्बन्ध भित्र गाँस्नुहोला स्वकीयसँग है हजुर...। हिजोआज अख्तियार सक्रिय छ। त्यसैले सबै स्वकीय सरले नै हेर्नुहुन्छ...। हजुरको काम अवश्य पूरा हुनेछ,,,,,,॥

---

# कागजमा सीमित उपभोक्ता संरक्षण ऐन

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

बिक्रेता : डेढ किलोभन्दा २०० ग्राम बढी छ, दाइ। लिनुहुन्छ कि बढी भएको निकालिदिउँ ?

उपभोक्ता : पल्लामा जोडले आँप किन हाल्यौ ? सुन भाइ, एकातर्फ जोडले आँप हालेर पल्ला तल धकेल्यौ, अर्कोतर्फ लगत्तै हातले पल्ला समात्यौ। ग्राहकलाई ठाँट्ने बानी ठीक छैन। बेइमानी नगर। तराजु बराबर गरेर देखाऊ, डेढ किलोभन्दा बढी छैन।

बिक्रेता : (पल्ला बराबर गरेर देखाउँदै) ल हेर्नुस् त, बढी छ कि छैन ?

तराजुमा डेढ किलोबाहेक थप दुई सय ग्रामको ढक राखेर तौल गर्दा पनि अलिकति बढी नै देखियो । शङ्का गर्ने ठाउँ थिएन । आश्चर्य मान्दै उपभोक्ता एकटक तराजुतर्फ हेरिरहेको थियो।

उपभोक्ता : यो त भारतीय ढक हो। उल्टो पारेर देखाऊ त ?

बिक्रेताले नसुनेझैं गर्‍यो । त्यसपछि उपभोक्ताले पल्लाबाट ढक आफैं उठायो र उल्टो पारेर हेरेपछि दङ्ग पर्‍यो।

उपभोक्ता : ढकको प्वाल किन खाली छ, भाइ ? यसभित्रको राङ्गा खोई ? किन निकाल्यौ ? यो ढकको तौल कम्तिमा पनि डेढदेखि दुई सय ग्राम कम छ।

कार्बाइडले पकाएको आँप, मनलाग्दो मूल्य, खिया लागेको तराजु र गैरकानूनी ढक प्रयोग गरी तौलमा ठगी गरिरहेको विषयमा उपभोक्ताले बहस गर्न थालेपछि बिक्रेता तन्किदै भन्यो, “म मात्रै हो र ?” भोजपुरी लोकोक्ति, ‘करे के चोरी आ उपर से सीना जोरी’ अर्थात् चोरी पनि गर्ने र उल्टै तन्किने व्यवहार बिक्रेताको थियो। ‘स्टान्डर्ड नाप र तौल ऐन, २०२५’ को भावनाविरुद्ध कार्य गर्ने ती बिक्रेताको उद्दण्ड स्वभाव हेर्न लायक थियो। बिक्रेता र उपभोक्ताबीच वाद–विवादमाझ भीड जम्मा हुन थाल्यो । अन्ततः साइकलमा आँप बेचिरहेको बिक्रेताले कुलेलम ठोक्यो। केही दिन अघि वीरगंजको घण्टाघरमा एक उपभोक्तासँग घटित घटना हो । यस्ता घटनाका भुक्तभोगी उपभोक्ताहरू थुप्रै छन् । तर तीमध्ये प्रायः सामान्य उपभोक्ताहरू छन्, जसको भावनाको कदर गर्ने निकाय शून्यप्रायः छ।

हुनत उपभोक्ता र बिक्रेताबीच उपरोक्त विवाद सामान्य लाग्छ । एक उपभोक्ताले पचास वा सय ग्राम ठगिए फरक नपर्ला । तर हजारौं उपभोक्ता दिनहुँ ठगिनु चानचुने कुरा होइन। यो त संविधानको उपहास, नियामक निकायको कमजोरी र उपभोक्ता संरक्षण ऐनको खिल्ली उडाउनु हो। यस्तो समस्या केवल वीरगंजमा मात्र छैन । नेपालको कुना काप्चामा उपभोक्ता दिनहुँ यसरी नै ठगिइरहेका छन् । प्रयोग गर्न नमिल्ने ढक–तराजु, खाद्य पदार्थमा मिसावट र कार्बाइडजस्ता विषादिको प्रयोग गर्ने प्रचलन जगजाहेर छ।

उदाहरणको लागि एकजना बिक्रेताले सय किलो मालवस्तु बिक्री गर्दा यदि सय ग्रामको हिसाबले पनि ठगी गरिरहेको छ भने उसले प्रतिदिन १० किलो, एक महीनामा ३०० किलो र एक वर्षमा ३,६०० किलो ठगी गर्छ। मानौं भाउ प्रतिकिलो सय रुपियाँ पनि छ भने उसले प्रतिदिन रु. १,०००, एक महीनामा रु. ३०,००० र प्रतिवर्ष रु. ३,६०,००० उपभोक्ताको आँखामा छारो हालेर ठगी गरिरहेको छ। यो त केवल उदाहरण हो।

विगतको एउटा घटना यहाँ उल्लेख गर्नु उपयुक्त हुन्छ । विसं २०७१ चैतमा विराटनगरको एउटा घटना सञ्चार माध्यमहरूमा प्रकाशित भयो। मोरङ्गको हात्तीमुडामा सञ्चालित रिजाल ग्याँस उद्योगमा अनुगमनको क्रममा ४०० ग्रामसम्म तौल कम भएको १६५ थान सिलिन्डर र पाँच थान तौलने मेशिन सहित गुणस्तर तथा नापतौल विभागको क्षेत्रीय कार्यालय, विराटनगरले जफत गरेको थियो । मापदण्ड अनुसार नभएपछि रु एक लाख ७० हजार जरिवाना गरिएको थियो। साथै क्षेत्रीय कार्यालयले एलपी ग्याँस सिलिन्डरमा हुने ठगी रोक्न सबै डिलरलाई नापतौल यन्त्र राखी तौल गरेर मात्र ग्याँस सिलिन्डर बिक्री गर्न तथा उपभोक्तालाई खरीद गर्न आग्रह गरेको थियो । वास्तवमा नियामक निकाय प्रतिबद्ध भई कर्तव्यपालन गर्ने हो भने अनियमितताशून्य बजारको परिकल्पना असम्भव छैन।

ग्याँस सिलिन्डर वा चामलको बोरा लगायत सामग्री उपभोक्ताको सामुन्ने तौल गरेर बिक्री गर्ने प्रचलन नै छैन । बिक्रेताहरू त्यस्तो गर्न चाहँदैनन्। झर्को मान्छन्। कुनै उपभोक्ताले तौल गर्न भनेमा उपभोक्तासँग झर्केर व्यवहार गर्ने मात्र होइन, त्यस्तो उपभोक्तालाई सामग्री नै नदिने आचरण विद्यमान छ । विविध व्यक्तिहरूसँग कुराकानीको क्रममा अनुगमन र कारबाई प्रक्रिया फितलो भएकै कारण बजारमा अनियमितता बढेको आम उपभोक्ताहरूको गुनासो पाइयो । यदि नियमित अनुगमन हुने हो भने बिक्रेतामा सतर्कता र उपभोक्तामा विश्वासको वातावरण सम्भव छ।

**उपभोक्ता संरक्षण ऐन**

गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा संवर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हक प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि, नोक्सानीबापत क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसद्ले ‘उपभोक्ता संरक्षण ऐन, २०७५ लागू गरेको कुरा ऐनको प्रस्तावनामा उल्लेख छ।

उपभोक्ताको हकहितका साथै उत्पादक, सञ्चयकर्ता तथा बिक्रीकर्ताद्वारा हुन सक्ने अवाञ्छित गतिविधि नियन्त्रण गर्ने परिकल्पनासहित उपभोक्ता संरक्षण ऐन, २०७५ को उदय भएको हो। ऐनमा प्रारम्भदेखि उपभोक्ता संरक्षण, वस्तु वा सेवाको बजारसम्बद्ध पक्षको दायित्व, निषेधित कामहरू, वस्तु वा सेवाको मूल्य निर्धारण, उपभोक्ता संरक्षण परिषद्, जाँचबुझ, निरीक्षण र अनुगमन, कसूर र सजाय, उपभोक्ता अदालत, क्षतिपूर्ति तथा विविध गरी एघार परिच्छेदसहित ६५ वटा धारा समाविष्ट छ।

उपभोक्ता संरक्षण ऐन, २०७५ को परिच्छेद–४ मा निषेधित कामहरूमध्ये दफा १६ को उपदफा (२) को खण्ड (क) अनुसार, ‘वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई, छिपाई वा झुक्याई त्यस्तो बिक्री वा सेवा प्रदान गर्नु’ निषेधित काम हो। ऐ ऐनको दफा ३८ को खण्ड (ङ) बमोजिम कसूर गर्नेलाई ऐ ऐनको दफा ३९ को उपदफा (१) को खण्ड (ख) बमोजिम दुई लाख देखि तीन लाख रुपियाँसम्म तत्काल जरिवाना गर्ने प्रावधान छ।

ऐनको मर्म अनुसार उपभोक्ताको अधिकार संरक्षण तथा कार्यान्वयन गर्ने विषयमा नीति निर्माण गर्न तथा यस ऐन बमोजिम अन्य काम गर्नको लागि ‘उपभोक्ता संरक्षण परिषद्’ अस्तित्वमा छ। परिषद्मा कुन–कुन निकायबाट को–को आबद्ध छ ? भन्ने कुरा सामाजिक सरोकारको विषय भएकोले उल्लेख गर्नु उतिकै सान्दर्भिक छ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री–अध्यक्ष। त्यसैगरी सदस्यहरूमा क्रमशः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका सचिव, गृह मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष, नेपाल उद्योग परिसङ्घका अध्यक्ष, नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासङ्घका अध्यक्ष, उपभोक्ताको हकहितसँग सम्बन्धित निकाय वा संस्थामा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरूमध्येबाट कम्तिमा एकजना महिलासहित मन्त्रालयले मनोनयन गरेको दुईजना र विभागको महानिर्देशक– सदस्य सचिव रहने व्यवस्था छ।

यसैगरी ऐनले जाँचबुझ, निरीक्षण र अनुगमन कार्यको लागि केन्द्रीय, प्रदेश तथा स्थानीय तह गरी तीन तहको बजार अनुगमन समितिको परिकल्पना गरेको छ । वर्तमान परिप्रेक्ष्यमा प्रदेश तथा पालिका स्तरमा बजार अनुगमन समितिको अवधारणा अपवादबाहेक पाइँदैन।

**अनुगमन समिति**

जिल्ला तहमा अनुगमन गर्नको लागि कुन–कुन निकायका पदाधिकारीहरू संलग्न रहन्छन् यो पनि सर्वसाधारण उपभोक्ताहरूले जान्न जरूरी छ।

वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ बनेको छ। ऐन अनुसार वस्तुको प्रत्यक्ष बिक्री वा वितरणसम्बन्धी व्यवसायको अनुगमन गर्न जिल्लास्तरमा एउटा अनुगमन समिति रहने व्यवस्था छ। सो समितिमा प्रमुख वा सहायक प्रमुख जिल्ला अधिकारी अध्यक्ष तथा सदस्यहरूमा क्रमशः जिल्ला समन्वय समिति, सम्बन्धित जिल्ला स्थित उद्योग वाणिज्य सङ्घ, उपभोक्ता हकहितसँग सम्बन्धित प्रतिनिधिमूलक संस्थाको अध्यक्षबाट मनोनीत एकजना गरी तीनजना सदस्य तथा वाणिज्य कार्यालय (वाणिज्य कार्यालय नभएको ठाउँमा घरेलु तथा साना उद्योग विकास समितिको) का प्रमुख, सदस्य सचिव रहने गरी पाँच सदस्सीय अनुगमन समिति रहने व्यवस्था छ।

निश्चितरूपमा उद्योगी/व्यवसायीले नियामक निकायमा गएर आफूले ठगी गरिरहेको कुरा कदापि भन्दैन । त्यस कारण संविधानको परिकल्पना बमोजिम गुणस्तर तथा नापतौलसम्बन्धी कानून कार्यान्वयनका लागि मन्त्री तथा सचिवदेखि जिल्लागत पदाधिकारीहरू सेवारत छन् । त्यसबापत तलब, भत्ता तथा विविध सरकारी सुविधा प्राप्त गरिरहेका छन् । यदि उपभोक्तालाई प्रत्याभूति हुनेगरी काम कारबाही हुँदैन भने सरकारी ढुकुटी रित्तयाउनुको कुनै अर्थ छैन।

भोजपुरी लोकोक्ति, ‘चार भाइ राम के, एकहु ना अइले कौनो काम के’ भनेझैं

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व–८०



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

बडेबडे महारथीहरूबीच सिन्धुराज जयद्रथ र भूरिश्रवा मारिए, त्यहाँ तिमीले अब कसकसलाई बाच्ने आस गरिरहेका छौ ? जसलाई इन्द्रसहित सम्पूर्ण देउताले पनि मार्न सक्दैनगे ती भीष्मलाई जबदेखि मृत्युको मुखमा परेको देखेर मलाई लाग्दछ अब कुनै पनि अवस्थामा यो पृथ्वी तिम्रो हुन सक्दैन । उता हेर, पाण्डव र सृञ्जयहरूको सेना एक साथ मिलेर ममाथि आइलाग्दैछन् । अब म पाञ्चाल राजाहरू नमारी आफ्नो कवच हटाउने छैन । आज युद्धमा मै त्यही काम गर्नेछु जसबाट तिम्रो हित हुन सकोस् । मेरो पुत्र अश्वत्थामालाई गएर भन्नु कि युद्धमा आफ्नो जीवनको रक्षा गर्दै सोमकहरूको



संहार गरोस्, उनीहरूलाई जीवित न छाडोस् । दया, धर्म, सत्य र सरलता आदि सद्गुणहरूमा स्थित रहोस्, धर्म प्रधान कर्महरूको मात्रै बारम्बार अनुष्ठान गरोस् । ब्राह्मणलाई सन्तुष्ट राखोस्, आफ्नो शक्ति अनुसार उनीहरूको सत्कार गरोस्, किनकि उनीहरू अग्निसमान तेजस्वी हुन्छन् । राजन्, अब म महासङ्ग्रामको लागि शत्रु सेनामा प्रवेश गर्नेछु । तिमीमा शक्ति भए सेनाको रक्षा गर्नु किनकि क्रोधित कौरव र सृञ्जयहरू बीच आज रात्रिमा पनि युद्ध हुनेछ । यति भनेर आचार्य द्रोण पाण्डव तथा सृञ्जयहरूसित युद्ध गर्न हिंडे ।

आचार्यको प्रेरणा पाएर दुर्योधनले पनि युद्ध गर्न निश्चय गरे । उनले कर्णसित भने–हेर, श्रीकृष्णको सहायताले अर्जुनले द्रोणाचार्यको व्यूह भेदन गरेर सबै योद्धाहरूको सामु सिन्धुराजको बध गरेका छन् । मेरो अधिकांश सेना अर्जुनको हातबाट नष्ट भइसके, अब अलिक मात्र बाँचेका छन् । यदि युद्धमा आचार्य द्रोणले अर्जुनलाई रोक्ने भरमग्दुर कोशिश गरेको भए अनेक प्रयत्न गर्दा पनि त्यस दुर्भेद्य व्यूहको भेदन गर्न सक्दैनथे तर उनी त गुरु द्रोणका परम प्रिय शिष्य पो हुन् ! अनि त आचार्यले जयद्रथलाई अभयदान दिएर पनि अर्जुनलाइ व्यूहभित्र छिर्ने बाटो दिए, यदि उनले पहिले नै सिन्धुराजलाई घर जान आज्ञा दिएको भए निश्चय नै यत्रो ठूलो संहार हुने थिएन । मित्र, जयद्रथ आफ्नो जीवन रक्षा गर्नका लागि घर जान तयार थिए, तर म अधमले नै द्रोणबाट अभय पाएर उनलाई रोकिदिए । आजको युद्धमा चित्रसेन आदि मेरा भाइ पनि हामीहरूले हेर्दाहेर्दै भीमसेनको हातबाट मारिए ।

कर्णले भने–मित्र, तपाई आचार्यको निन्दा नगर्नुहोस्, उनी त आफ्नो बल, शक्ति र उत्साह अनुसार प्राणको पनि परवाह नगरेर युद्ध गर्दैछन् । अर्जुन द्रोणको उल्लङ्घन गरेर सेनाभित्र छिरेका थिए, त्यसैले म यसमा उनको कुनै दोष देखिरहेको छैन । मैले पनि त्यस रणाङ्गणमा तपाईंको साथ रहेर धेरै प्रयत्न गरें, तथापि सिन्धुराज मारिए, त्यसैले यसमा प्रारब्धलाई नै प्रधान बुझ्नुपर्दछ । मानिसले उद्योगशील भएर सदैव निश्शङ्क भावबाट आफ्नो कर्तव्यको पालना गर्नुपर्दछ, सिद्धि त दैव अधीन हुन्छ । हामीहरूले कपट गरेर पाण्डवहरूलाई ठग्यौं, उनीहरूलाई मार्न विष दियौं, लाक्षागृहमा डढायौं, जुआमा हरायौं र राजनीतिको सहारा लिएर वनमा पनि पठायौं । यस प्रकार प्रयत्न गरेर हामीले उनीहरूको प्रतिकूल जे पनि गर्‍यौं, त्यसलाई प्रारब्धले व्यर्थ पारिदियो, तापनि दैवलाई निरर्थक ठानेर तपाईंले प्रयत्नपूर्वक युद्ध गरि नै राख्नुभयो ।

राजन्, यस प्रकार कर्ण र दुर्योधन धेरैथरी कुरा गरिहेका थिए, यत्तिकैमा रणभूमिमा उनीहरूलाई पाण्डवको सेना देखा पर्‍यो, अनि त तपाईंका पुत्रहरूको, शत्रुहरूको साथ घमासान युद्ध हुन थाल्यो ।

सञ्जय भन्छन्–महाराज, कौरव र पाञ्चाल वीरहरूबीच परस्पर घमासान युद्ध हुन थाल्यो । सबै योद्धा एक अर्कालाई वाण, तोमर र शक्ति हानेर यमलोक पठाउन थाले । अलिक बेरमैं युद्धले बडो भयङ्कर रूप धारण गर्‍यो, रगतको खोलो बग्न थाल्यो । त्यति बेला तपाईंका धनुर्धर पुत्र दुर्योधनको तीक्ष्ण वाणबाट मार खाएर पाञ्चाल वीर यत्र–तत्र भाग्न थाले । उनका सायकहरूबाट पीडित भएर पाण्डव सैनिक धराशायी हुन थाले । त्यति बेला तपाईंका पुत्रहरूले जस्तो पराक्रम गरे, त्यस्तो पराक्रम कौरव पक्षका कुनै पनि वीरहरूले कहिले पनि गर्न सकेका थिएनन् । दुर्योधनद्वारा पाण्डव सेना नष्ट भइरहेको देखेर पाञ्चालवीर भीमसेनलाई अगि राखेर उनीहरूमाथि जाइ लागे । उनीहरूले भीमसेनलाई दश, नकुल–सहदेवलाई तीन–तीन, विराट् र द्रुपदलाइ छ–छ, शिखण्डीलाई एक सय, धृष्टद्युम्नलाई सत्तरी, युधिष्ठिरलाई सात र केकय र चेदि देशका योद्धाहरूलाई अनेकौं तीक्ष्ण वाणबाट पीडित पारे । फेरि सात्यकिलाई पाँच, द्रौपदीका पुत्रहरूलाई तीन–तीन र धेरैजसो वाण हाने र घटोत्कचलाई पीडित पारेर ठूलो स्वरमा सिंहनाद गरे । क्रमशः...।

# शुचिता र स्वच्छता



वाटिका

डा शिवशङ्कर यादव

shivshankaryadav3398@gmail.com

**एक ग्राम मान्छेको मलमा १००० मिलियन इ.कोलाई, १०० मिलियन स्ट्रेप्टोकोकस र अन्य जीवाणु हुन्छ । एउटा मानिसले औसत १०० ग्राम मल त्याग गर्छ भने त्यसमा कति कीटाणु हुन्छ होला । काठमाडौंमा एक थोपा ढलको पानी खानेपानीमा मिसियो भने शहर नै त्राहिमाम हुन्छ ।**

हाम्रो सभ्यतामा धनकी देवी लक्ष्मी, विद्याकी देवी सरस्वती र युद्धकी देवी काली तथा देउता कार्तिकेय हुन् । त्यस्तै मङ्गलको देउता गणेश, सङ्कटको देउता हनुमान, स्वास्थ्यको देउता धन्वंतरी र अश्विनी कुमार हुन् । स्याहारको देउता विष्णु, संहारको देउता शङ्कर र सृष्टिको देउता ब्रह्मा हुन् । तर स्वच्छताको छुट्टै देवी वा देउता भएको मलाई थाहा छैन । मिश्रमा स्वास्थ्यको देउता थिए होरस । लडाईँमा उनको बायाँ आँखा नष्ट भए पनि चमत्कारी तरीकाले फेरि जस्ताको त्यस्तै भयो । त्यसपछि उनको आँखा सौभाग्य र स्वास्थ्यको सूचकको रूपमा मान्न थालियो । उनको त्यो आँखा मिश्रवासीहरूले स्वास्थ्यको लागि आज पनि आफ्नो जन्तर, औंठी, भाँडा आदिमा प्रयोग गरेको पाइन्छ । एलोपैथी डाक्टरहरूले प्रेस्क्रिप्सन लेख्नुभन्दा पहिले जुन आरएक्स लेख्छन् त्यो तिनै होरसको आँखाको सङ्क्षिप्त रूप हो । यसको मतलब हो कि ओषधिको आधारमा होरसको आँखाको कृपाले बिरामी ठीक होस् । त्यस्तै ग्रीसमा स्वास्थ्यको देउता असक्लेपियस हुन् जो अपोलोका छोरा हुन् । उनकी चार छोरी हाइजिया, इसिरीच, ओसिरीच र पनासिया थिए र अनेक छोराहरू थिए । छोरीहरूमा हाइजियालाई ग्रीसमा स्वच्छताकी देवी मानिन्छ र उनको चित्र मन्दिरको मूल ढोकामा आज पनि अङ्कित छ । पनासियालाई औषधिकी देवी मानिन्छ । कौडियस एउटा रड वा लठ्ठी हो जसमा लपेटिएका दुई सर्प छन् जसको प्वाँख पनि छ । यसै चिह्नलाई स्वास्थ्य संस्थाहरूले आफ्नो चिह्नको रूपमा प्रयोग गर्छन् । अब यहाँ एउटा कुरा आउँछ कि स्वास्थ्य र साँपको के साइनो ? तर ग्रीक समाजमा यसको गहिरो अर्थ छ । साँप यस्तो विषधर हो, जसले आफ्नो विषको एन्टि–विष पनि राखेको हुन्छ । यसको अलावा साँपले काँचुली छोडेपछि बिल्कुल नयाँ हुन्छ । ग्रीकहरूले बिरामी मानिस पनि चिकित्सापछि बिल्कुल नयाँ हुने ठान्छन् । साँप जसरी लामो जीवन प्राप्त गर्छ, त्यसरी नै बिरामी पनि ठीक भएर लामो जीवन प्राप्त गरोस् ।

यसरी हाइजियाबाट हाइजिन वा स्वच्छताको प्रादुर्भाव भयो । भन्नु परोइन कि स्वच्छता नै स्वास्थ्यको कुञ्जी हो । स्वच्छता छैन भने वायु, पानी, भोजन वा आवास केहीले पनि स्वास्थ्य प्रदान गर्न सक्दैन । स्वास्थ्यको लागि स्वच्छ हावा चाहियो, जसलाई अनेक प्रकारले शुद्ध पारिन्छ । पानी, भोजन र आवासबारे पनि यही कहानी छ । ती हाइजेनिक छैन भने काम लाग्दैन । स्वच्छताको मतलब आफूलगायत तमाम वातावरण जसले हामी घेरिएका छौं, सबैको स्वच्छता हो । अतः स्वच्छता दुई प्रकारको हुन्छ : व्यक्तिगत सफाइ र वातावरणको सफाइ । व्यतिगत सफाइमा हिन्दूहरू धेरै अगाडि छन् । उनको सबै संस्कार सरसफाइ र स्नानविना सम्पन्न हुँदैन । हिन्दीमा एउटा उखान प्रसिद्ध छ–

**बासी पानी जो पिये नित उठ हर्रे खाय**
**मोटी दतुवन जो करे ता घर वैद्य न जाय ।**

यसमा बासी पानी किन भनियो सोच्ने विषय हो । ताजा पानी पनि त भन्न सकिन्थ्यो । अहिले हरेक चिकित्सकले खाली पेट एक गिलास ताजा पानी खान सिफारिश गर्छन् नै । जमाना पहिले पानी ल्याउन नदी जानुपर्थ्यो । पछि इनारमा पानी भर्न जानुपर्थ्यो । आज पनि राजस्थानमा एउटा महिलाको जिन्दगी पानी ओसार्नमैं बित्छ । ताजा पानी भनियो भने कति झन्झटिलो हुन्थ्यो ? त्यसैले बासी पानी भनियो होला । बोतलमा पानी बन्द गरेर अमेरिका लगे पनि खराब हुँदैन । बासी पानीमा पनि कुनै खोट छैन । एवम्रीतले हिन्दूहरू दतिउन र दाँत सफा गर्न सजग छन् । तर मुसलमानहरूमा के देखिन्छ भने एउटै दतिउनले महीना दिन दाँत माझ्छन् । यो ठीक होइन । लौंगयुक्त आधुनिक ब्रश पनि लाभदायक हुन्छ । हिन्दूहरूले नुन र तेलको पनि सामर्थ्य बुझेका छन् । दुवै मिसाएर दाँत माझ्ने गर्छन जसले दाँतलाई



मजबुती प्रदान गर्छ । तर यति हुँदाहुँदै पनि केही अज्ञानता अवश्य छ । अब त्यो जमाना छैन जब नदीको पानी खाने गरिन्थ्यो । त्यो धेरै विकारग्रस्त भइसके पनि गाउँका मानिस त्यही नदी र पोखरीमा स्नान गर्छन् जसमा गाई भैंसीलाई पनि नुहाउने गरिन्छ र कपडा समेत धोइन्छ । यो कति खतरनाक हुन्छ भने मेरो छोरोको उदाहरणले बुझ्न सकिन्छ । फोहोर तलाउमा नुहाएपछि त्यसको पाकेको कानको घाउमा माटो पस्यो र त्यही टेटनसको कारण बन्यो । अतः यसको लागि अब बाथरूमको नै प्रयोग गर्नुपर्छ । ट्वायलेट आधुनिक विज्ञानको वरदान नै हो । साबुन वा सैम्पु सधैं होइन सप्ताहमा एक चोटी मात्र प्रयोग गर्नु बेस हुन्छ । सधैं प्रयोग गरियो भने छाला खस्रो हुन्छ । यस्तोमा तेल लगाएर नुहाउँदा ठीक हुन्छ । व्यक्तिगत सफाइ सबभन्दा ठूलो कुरा हो । खानुभन्दा अगाडि हात अनिवार्य सफा गर्नुपर्छ । यो सफाइ केवल पानीले होइन साबुन पानीले गर्नुपर्छ । नङ समय समयमा काट्नु किन आवश्यक छ भने हामी चम्चा प्रयोग नगरेर हातले खान्छौं । काइँयोले कपाल कोर्नु पनि सफाइ अन्तर्गत नै आउँछ । नुहाएपछि र समय–समयमा कपाल कोर्नाले टाउकोमा रक्त सञ्चार भइरहन्छ । खाना र भान्साको सफाइमा पनि हिन्दूहरू अब्बल छन् । उनको भान्सामा घरबाहेकको मानिस छिर्न सक्दैन । पहिले–पहले फुसको घरको भान्सालाई नित्य गाईको गोबरले नलिपी र चुलोको पूजा नगरी पकाउने काम हुन्थेन । ब्राह्मणहरूले त पवित्रताको चरम नै पुर्‍याए । उनी पकाएको खाना पनि खान्नथे । त्यसलाई छुवाछूत भनेर अस्वीकार गर्न सकिंदैन । आज त्यसको आलोचना गरे पनि त्यो स्वास्थ्यको औचित्य लिएको र सही छ । आज पनि कोरोनाकालमा हामी हेरिसकेका छौं । डाक्टर नर्सलाई घर भित्र आउन नदिने घरबेटीको उदाहरण सुनिएकै कुरा हो । जब आज यस्तो छ भने जमाना पहिले यस्तो नभएको कसैले भन्न सक्दैन । पहिले जमानामा पनि कोरोनाजस्तै कतिपय रोग व्याप्त थियो । आज पनि चिकित्सकले रोगीपिच्छे जाँच गर्दा हात धुने गर्छन् । यदि यो सही हो भने पुर्खाले गरेको काम कसरी गलत हुन सक्छ ? दलितलाई पायखाना सफाइमा वा मरेको जनावर मिल्काउने काममा लगाउनु बरु अपराध ठहरिन्छ । तर त्यसै कारणले त्यस व्यक्तिलाई भान्सामा पस्न नदिनु र छोएको नखानु स्वास्थ्य–सजगताको दृष्टिले अपराध होइन । खानालाई राम्ररी ढाकेर राख्नु र ताजा खाना खाने बानी बसाल्नुपर्छ । फ्रिजको खाना स्वास्थ्यको दृष्टिले ठीक हुँदैन तर आधुनिक आपाधापीमा मानिस यस्तो खाना खान बाध्य छ, जो कदापि ठीक होइन । राइस कुकर प्रयोग गर्नु बरु ठीक छ जसमा दिनभरि खाना ज्यूँका त्यूँ तातो र ताजा रहन्छ ।

वातावरणको सफाइमा नदी, पोखरा, इनार आदि सबैको सफाइ आउँछ जिसको जटिल प्रक्रियाको वर्णन छुट्टै विषय हो । तर आज यो जान्न आवश्यक छ कि यसमा मुख्यरूपले गाउँ र शहरको सफाइमा फोहोर दुई प्रकारको हुन्छ : सालिड वा ठोस फोहोर र सिवेज अथवा अत्यधिक पानी मिसिएको फोहोर । ठोस फोहोरलाई रिफ्युज भनिन्छ । यो फोहोर नित्य बढारेर जर्म्मा गरिन्छ । यो रिफ्युज जहाँबाट जम्मा गरिन्छ त्यसको नाम पनि तत्तत् नै हुन्छ । यथा, गली र सडकबाट एकत्रित फोहर स्ट्रिट रिफ्युज, बजारको मार्केट रिफ्युज, फैक्टरीको इन्डस्ट्रियल र घरघरबाट सङ्कलितलाई होम रिफ्युज भनिन्छ । जनशक्ति लगाएर यो जम्मा गरिन्छ । यसमा बजार र घरबाट सङ्कलित फोहोरमा तरकारीको पनि फोहोर हुन्छ जसलाई गार्वेज भनिन्छ जुन बढी हानिकारक हुन्छ । अतः यसलाई छुट्टै एकत्रित गर्नुपर्छ । यसरी यी फोहोरलाई एक ठाउँमा जम्मा गरी टाढा मिल्काइन्छ, जमीनमा गाडिन्छ वा कम्पोस्ट बनाइन्छ । सिवेज त्यो दूषित पानी हो जसमा ९९.९ प्रतिशत पानी र बाँकी ०.१ प्रतिशत मात्रै फोहोर हुन्छ, जसमा मल र यस्तै पानीमा मिसिन सक्ने फोहोर हुन्छ । यो कति खतरनाक हुन्छ भन्ने तथ्य त यसैले पत्ता लाग्छ कि एक ग्राम मान्छेको मलमा १००० मिलियन इ.कोलाई,१०० मिलियन स्ट्रेप्टोकोकस र अन्य जीवाणु हुन्छ । एउटा मानिसले औसत १०० ग्राम मल त्याग गर्छ भने सोच्नुस् त्यसमा कति रोगको कीटाणु हुन्छ होला । त्यसैले त काठमाडौंमा एक थोपा पनि ढलको पानी खानेपानीमा मिसियो भने शहर नै त्राहिमाम हुन्छ । अतः ढल र खानेपानीको पाइप कदापि साथसाथ फिट गर्नुहुँदैन । यस्तो सिवेजलाई राम्ररी ट्रिटमेन्ट नगरी नदीमा छोडिन्छ । यसैले सिरिसिया नदी कति फोहोर भएको छ भन्ने पत्ता लाग्छ । यसले गङ्गालाई पनि छोडेको छैन । खर्बौं रुपियाँ खर्च गरेर पनि गङ्गा सफाइमा सफलता हात लागेको छैन । इन्डस्ट्रियल सिवेज त झन् खतरनाक हुन्छ । कल्पना गर्नुस् कि विनाट्रिटमेन्ट नदीमा छोड्नु कति ठूलो पाप हो । हुनत मुम्बईको सिवेज विनाट्रिटमेन्ट अरब सागरमा छोडिन्छ जुन अवाञ्छनीय त हो तर समुद्रको डाइल्युशन पावर धेरै बढी हुन्छ । त्यसलाई हाम्रो सानो नदीसित दाँज्नु महाभूल हो । यी ट्रिटमेन्टका पनि अनेक विधि हुन्छ जसको यहाँ उल्लेख गर्न जरूरी छैन ।

बस यति सम्झनुस् कि व्यक्तिगत र वातावरणीय सफाइ, शुद्धता र शुचिताविना स्वस्थ जीवनको कल्पना गर्नै सकिंदैन । इति !

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

जसले आफ्नो मनलाई आफ्नो अधीनमा राखेको छ उसको मन उसको लागि सर्वश्रेष्ठ मित्र हो तर जसले मनलाई साथी बनाएको छैन, मनलाई केवल इन्द्रियहरूको इच्छा पूर्तिका लागि प्रयोग गर्ने गरेको छ उसको लागि उसको मन उसको सबभन्दा ठूलो शत्रु हो । हामीहरू अष्टाङ्ग योगको अभ्यास यही मनलाई अधीनमा गर्नको लागि गर्दछौं । मनलाई अधीनमा नराखी योगाभ्यास गर्नु भनेको समय नष्ट गर्नु मात्र हो । जसले आफ्नो मनलाई आफ्नो वशमा राख्न सक्दैन ऊ वास्तवमैं आफ्नो परम शत्रुको साथमा निवास गर्दछ । उसको आन्तरिक जीवन र जीवनको लक्ष्य दुवै नष्ट हुन जान्छ । जबसम्म मन अभिजित शत्रु रहिरहन्छ तबसम्म मानिस काम, क्रोध, लोभ, मोह आदिको आज्ञापालन गर्नमैं सारा जीवन बिताउने गर्छ । तर जब मानिसले मन माथि विजय प्राप्त गर्छ तबदेखि उसले भित्री इच्छाबाट भगवान्‌को आज्ञा पालन गर्दछ । सबै जीवको आत्मामा परमात्मा स्वरूप भगवान् स्थित छन् । वास्तविक योगाभ्यास भनेको हृदयभित्रको परमात्मासँग आत्माको मिलन गराउनु हो । स्वास्थ्य लाभ तथा भौतिक सिद्धि प्राप्त गर्नको लागि योगाभ्यास गर्ने मानिस योगी होइन । शरीर, मन र कर्म यी तीनैलाई संयमित राखी योगाभ्यासको माध्यमद्वारा मनलाइ संयमित गर्नु नै योगाभ्यासको लक्ष्य हो । भौतिक संसारबाट विरक्ति प्राप्त गर्न योगाभ्यास गरिन्छ । जसरी हावा नभएको ठाउँमा बत्ती नहल्लिएर बलिरहन्छ त्यस्तै प्रकारले जुन योगीको मन उसको अधीनमा हुन्छ, ऊ आफ्नो आत्मा तत्त्वको ध्यानमा सधैंभरि स्थिर रहन्छ ।

ध्यान जागरुकता बढाउने क्रिया हो । बिहान उठेर ध्यान गरेमा दिनभरि जाग्रत अवस्थामा रहन मदत गर्दछ । ध्यान जागरणको अभ्यास हो । जीवन र जगत्प्रति जागरुक हुनको लागि ध्यान गरिन्छ । जागरणको अभ्यास गर्न ध्यान नै सबभन्दा राम्रो बाटो हो भन्ने सोचेर ध्यान गरियो भने यसबाट धेरै फाइदा हुन्छ । ध्यान गर्नुको मुख्य उद्देश्य नै जीवनमा जागरण ल्याउनको लागि हो । यदि योभन्दा बाहेक अरू केही उद्देश्य राखेर ध्यान गरियो भने त्यसबाट केही प्राप्त हुँदैन । ध्यानको उद्देश्य हाम्रो मन भित्रका विचारहरूको सूक्ष्म अंशप्रति सजग हुनु हो । ध्यानको माध्यमबाट जब यस्तो प्रवृत्ति जीवनमा प्रवेश गर्छ तब मात्र जीवनमा यस्तो सजगता ल्याउन निरन्तर अभ्यासरत रहनुपर्छ । एक दिन यस्तो जागरुकता हाम्रो आनिबानीको रूपमा वा जीवनशैलीको रूपमा जीवनमा आउने छ, र जुन दिनदेखि हामी प्रत्येक पल ध्यानमा रमाउन लाग्नेछौं, त्यही दिनदेखि हाम्रो आन्तरिक जीवन श्रेष्ठतातर्फ उन्मुख हुनेछ ।

जीवनमा हामीहरूलाई ज्ञानको आवश्यकता पर्दछ । ज्ञानको उपयोग गर्न सचेतना आवश्यक छ । ज्ञान एवं सचेतना सुन्दा उस्तै–उस्तै लागे पनि एकदमै फरक चीज हुन् । ज्ञान भन्नाले जानकारी एवं सूचनाहरूको सङ्ग्रह भन्ने बुझिन्छ भने सचेतना यस्तो अवस्था हो, जसले प्राप्त ज्ञानको विश्लेषण गरी सार्थकता प्रदान गर्दछ । ज्ञान वा जानकारी सकारात्मक वा उपयोगी, नकारात्मक वा अनुपयोगी दुवै किसिमको हुन सक्छ । सचेतना वा सजगताविना ज्ञान व्यर्थ छ । मानिसलाई ज्ञानले घमण्डी तथा अहङ्कारी बनाउन सक्छ । यसले भ्रम पैदा गरी मानिसलाई दिशाविहीन बनाउन सक्छ । हामी ज्ञान जहिले पनि बाहिरी स्रोतबाट लिने गर्दछौं । बाहिरी स्रोतबाट प्राप्त ज्ञान सही र गलत दुवै हुन सक्ने सम्भावना बराबर रहन्छ । सजगताले ज्ञानीलाई सही दृष्टिकोण प्रदान गर्दछ । ज्ञानमा हाम्रो कुनै भूमिका हुँदैन हाम्रो भूमिका त सजगतामा हुन्छ । सजगतामा सम्पूर्ण भूमिका हाम्रो मात्र हुन्छ । यसमा अरूको भूमिका शून्य हुन्छ । सजगताको उत्पत्ति ज्ञानबाट हैन, ध्यानबाट हुन्छ । धेरै वर्ष लगाएर बटुलेको ज्ञानले गर्न नसक्ने कार्य ध्यानले एकै छिनमा गर्न सक्छ ।

तर वास्तविक जीवनमा हाम्रो स्थिति उल्टो छ । हामीहरू ध्यानमा हैन, ज्ञानमा धेरै भरोसा गर्छौं । हामी बाहिरबाट ज्ञान बटुल्नमैं पूरा जिन्दगी बिताइदिन्छौं तर कहिल्यै पनि चेतना किन आएन भन्ने सोच्दैनौं । हामीमा आन्तरिक परिवर्तन किन आएन ? मानसिक आनन्दको अनुभूति किन भएन ? यति धेरै ज्ञान एकत्रित गर्दा पनि जीवनमा आनन्दको अनुभूति किन हुन सकेन ? किनकि हामीले आफूमाथि कहिल्यै भरोसा गरेनौं । आफूमाथि अलिकति भरोसा गरेको भए हुन्थ्यो । हामीहरू अरूमाथि यति निर्भर भयौं कि आफू पनि छु भन्ने बिर्स्यौं ।

(क्रमशः)

# अन्तर्राष्ट्रिय समाचार

## अफगान महिलाहरूद्वारा अधिकार उल्लङ्घनविरुद्ध प्रदर्शन



© AP/picture alliance

अफगानिस्तान, २७ जेठ/एएनआई

अफगानिस्तानका महिलाहरूको एउटा समूहले बिहीवार काबुलमा तालिबानीले उनीहरूको अधिकार उल्लङ्घन गर्दै सरकारी संस्थाहरूबाट महिलाहरूलाई हटाएकोमा विरोध प्रदर्शन गरेको छ।

समूहले 'अफगानिस्तानको महिला निजामती सेवा रोजगार' को ब्यानरसहित विरोध प्रदर्शन गर्दै तालिबानीलाई महिलाहरूलाई काममा फर्कन अनुमति दिन आग्रह गरेको टोलो न्युजले उल्लेख गरेको छ।

कामचलाउ सरकारका पदाधिकारीले सरकारी संस्थामा महिलालाई काम गर्न दिने वा नदिने भन्ने निर्णय गर्ने बारम्बार बताउँदै आए पनि उनीहरूको भविष्य अझै स्पष्ट हुन सकेको छैन।

"महिला कर्मचारीहरू जसको काम घटाइएको छ वा बदलिएको छ – पुरुष कर्मचारीहरूको उपस्थितिको कारण उनीहरूले तलब पाउने कुनै आशा छैन"– निजामती सेवामा कार्यरत कर्मचारी समिरा आजमीले भनिन्।

यी महिलाहरूका अनुसार उनीहरू १० महीनादेखि काम गर्न असमर्थ छन्।

"हामी आफ्नो धार्मिक अधिकार जोगाएर काममा फर्कन चाहन्छौं"– निजामती सेवामा कार्यरत फयकाले भनिन्।

प्रदर्शनकारीहरूले देशमा छैठौं कक्षाभन्दा माथिका छात्राहरूले अध्ययन गर्ने विद्यालय पुनः सञ्चालन गर्ने माग गरेको टोलो न्यूजले उल्लेख गरेको छ।

"हाम्रो माग, हाम्रा छोरीहरूका लागि विद्यालय खोल्नुहोस्, अन्यथा हामीले हाम्रा छोरीहरूलाई विदेश पठाउनुपर्नेछ"– अफगानिस्तानको महिला निजामती सेवा रोजगार सङ्घकी प्रमुख नादिरा रशिदीले भनिन्।

सरकारी संस्थामा अधिकांश महिला कर्मचारीलाई पहुँचबाट वञ्चित गरिएको छ।

तालिबानीले गत अगस्तमा राज्यसत्ता नियन्त्रणमा लिएपछि सरकारी संस्थाहरूमा अधिकांश महिला कामदारहरूलाई कामको पहुँचबाट वञ्चित गरिएको छ र तिनीहरूमध्ये धेरैलाई बर्खास्तसमेत गरिएको छ।

यसैबीच तालिबानले छात्राहरूको माध्यमिक शिक्षा निलम्बन गर्दै हिजाब कडारूपमा लागू गरेको छ।

उनीहरूले अफगान महिलाहरूलाई राजनीतिक र सार्वजनिक जीवनमा भाग लिन कुनै अवसर प्रदान गरेका छैनन्। लैङ्गिक विभेद कडारूपमा लागू गरिएको छ।

गत वर्ष अगस्तदेखि अफगान महिलाविरुद्ध तालिबानी अत्याचार निरन्तर बढ्दै गएको छ र महिला अधिकार विरुद्ध प्रतिबन्ध लगाएको छ। रासस

## युरोपेली संसद्द्वारा चिनियाँ अधिकारीहरूमाथि प्रतिबन्ध लगाउन माग

बेल्जियम, २७ जेठ/एएनआई

युरोपेली संसद् (इपी) को भारी बहुमतले चीनको सिनजियाङ प्रान्तमा जारी मानव अधिकार उल्लङ्घनका घटनाबारे कडा शब्दमा निन्दा गरेको छ। संसद्ले उक्त घटनालाई मानवताविरुद्ध अपराध र नरसंहारको गम्भीर जोखिम भन्दै ध्यानकार्षण गराएको छ।

संसद्ले भनेको छ–"जनवादी गणतन्त्र चीनको उइघुर समुदायमाथि व्यवस्थित दमन गरिएको भनी कडा शब्दमा निन्दा गर्दछ। शिक्षा, पारिवारिक अलगाव, धार्मिक स्वतन्त्रतामा प्रतिबन्ध, सांस्कृतिक विनाश र निगरानीको व्यापक प्रयोग"– युरोपेली संसद्ले चेन क्वानगुओ, झाओ केझी, गुओ शेङकुन र हु ल्यान्हेजस्ता चिनियाँ उच्च–पदाधिकारीहरूलाई लक्षित गरी थप प्रतिबन्ध लगाउने बताएको छ। चीन र हङकङसँग सुपुर्दगी सन्धि निलम्बन गर्न पनि केही सदस्यहरूले आग्रह गरेका छन्।

चीनमा अन्तर्संसदीय गठबन्धन (आइपिएसी) का अनुसार जबरजस्ती श्रमबाट उत्पादित सबै उत्पादन र जबरजस्ती श्रम शोषणको रूपमा सूचीबद्ध सबै चिनियाँ कम्पनीहरूको उत्पादनमा आयात प्रतिबन्ध पनि, संसद्को कार्यान्वयन गर्ने नीतिहरूको सूचीमा छ।

अन्तमा इपीले सिनजियाङमा मानव अधिकार उल्लङ्घनबारे लामो समयदेखि प्रतीक्षा गरिएको मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको प्रतिवेदन जारी गर्न माग गरेको छ।

विधायकहरूको अन्तर्राष्ट्रिय क्रस–पार्टी समूहले 'बलियो र एकताबद्ध आवाज'लाई स्वागत गरेको छ। प्रस्ताव पारित गरेपछि आइपिएसी सह–अध्यक्ष रेनहार्ड बुटिकोफर एमइपीले भने– "सिनजियाङ प्रहरीका फाइलहरूले चिनियाँ सरकारको तथाकथित 'व्यावसायिक प्रशिक्षण केन्द्रहरू' पुनः शिक्षाको उद्देश्यका लागि भएको दाबीलाई झूटो साबित गरेको छ। चीनमा उइघुर र अन्य जातीय र धार्मिक अल्पसङ्ख्यकहरूको अधिनायकवादी दमनलाई दस्तावेजीकरण गर्न आग्रह गरिएको छ।

"मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तले तुरुन्तै यस क्षेत्रमा भइरहेको दुव्र्यवहारबारे आफ्नो प्रतिवेदन जारी गर्नुपर्छ, र इयुले यी नीतिहरूको लागि जिम्मेवार व्यक्तिहरूलाई कारबाही गर्न मार्ग निर्देशन गर्न सक्छ"–उनले थपे। रासस

## विस्फोटमा ६ जनाको मृत्यु

कन्धार, २७ जेठ/सिन्हवा

दक्षिणी कन्धार प्रान्तको स्पिन बोल्दाक क्षेत्रमा बिहीवार एउटा गाडीमा विस्फोट हुँदा पाँच सुरक्षाकर्मीसहित छजनाको मृत्यु भएको प्रहरीले शुक्रवार जनाएको छ।

घातक आक्रमणको पुष्टि गर्दै स्पिन बोल्दाक जिल्लाका प्रहरी प्रमुख मौलवी मोहम्मद हाशिम महमुदले विगतका युद्धहरूबाट बाँकी रहेका विस्फोटक पदार्थले बिहीवार बिहान एउटा गाडीमा प्रहार भएको थियो।

यसैबीच स्थानीय सञ्चारमाध्यम टोलोन्युजले शुक्रवार विस्फोटमा एक नागरिक र प्रशासनका पाँच सुरक्षाकर्मीसहित ६ जनाको मृत्यु भएको जानकारी दिएको छ। गत वर्ष अगस्तमा तालिबानले अफगानिस्तान कब्जा गरेपछि सडक किनारमा बम विस्फोट र हिंसात्मक घटना घटेका छन् र तालिबान नेतृत्वको कामचलाउ सरकारले सबै अफगानलाई घर फर्कन र आफ्नो मातृभूमिको पुनर्निर्माणमा हातेमालो गर्न आह्वान गरेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – शत्रुपराजय |
| मिथुन – सुसमाचार | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – प्रगति | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



### वीरगंज महानगरपालिकाको सूचना

यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्ने गरी निर्माण सामग्री थुपार्ने, फूटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायतका नियमविपरीत कार्यहरू नगर्न, नगराउन हुन जानकारी गराइन्छ। साथै उक्त कार्य गरेको पाइएमा कानूनबमोजिम जरिवानाको साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुलउपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

वीरगंज महानगरपालिका, पर्सा


**आज...........**

नसकी खेर फाल्नुपर्ने अवस्था तत्कालका लागि अन्त्य भएको छ। आगामी दिनमा थप विद्युत् निर्यात गर्न स्वीकृतिका लागि भारतीय पक्षसँग निरन्तर छलफल भइरहेको उनले जानकारी दिए।

यसको नतीजा छिट्टै देखिनेमा आशावादी रहेको उनको भनाइ छ। उनले दुई मुलुकबीचको विद्युत व्यापारलाई यो चरणसम्म ल्याउन पहल तथा सहयोग गर्ने सम्बद्ध सबै व्यक्ति र निकायलाई धन्यवाद दिए।

आइएक्समा २४ घण्टालाई १५–१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युत् कारोबार गरिन्छ। त्यसैले हरेक ब्लकको मूल्य फरक–फरक हुने गरेको छ।

प्राधिकरणले शुक्रवारका लागि विद्युत्को अधिकतम र न्यूनतम मूल्य प्रतियुनिट क्रमशः १९.२ रुपियाँ (१२ भारु) र ३.९९८४ रुपियाँ (२.४९९ भारु) पाएको छ। औसत मूल्य प्रतियुनिट ११.४२ रुपियाँ (७.१४ भारु) रहेको छ। भारतको केन्द्रीय विद्युत् प्रणाली अन्तर्गत दैनिक विद्युत् बजार (डे अहेड मार्केट)मा विद्युत् बिक्री गरिन्छ।

प्राधिकरणले हरेक दिन बिहान १० बजेदेखि मध्याह्न १२ बजेसम्म एक्सचेन्ज बजारमा बिक्री गरिने विद्युत्को परिमाणसहित बिडमा प्रतिस्पर्धा गर्छ। विद्युत् प्रणालीमार्फत तय हुने 'मार्केट क्लियरिङ प्राइस'का आधारमा विद्युत्को प्रतियुनिट बिक्रीदर तय हुन्छ।

प्रतिस्पर्धी दर तय भएपछि रातिको १२ बजेदेखि अर्को दिनको रातको १२ बजेसम्म अर्थात् २४ घण्टा विद्युत् निर्यात गरिन्छ।

प्राधिकरणका तर्फबाट एक्सचेन्ज बजारको सम्पूर्ण कारोबार नेपालसँगको विद्युत् व्यापारका लागि तोकिएको सम्पर्क निकाय एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)ले गर्छ। एनभिभिएनले हरेक दिनको कारोबारसम्बन्धी विवरण प्रत्येक दिन साँझ ६ बजे प्राधिकरणलाई पठाउँछ।

मुलुकको प्रणालीमा कुल दुई हजार ३०० मेगावाट बराबर जडित क्षमता पुगेको छ। प्राधिकरणका कार्यकारी निर्देशक घिसिङका अनुसार हाल कुल आन्तरिक माग एक हजार ६३३ मेगावाट बराबर छ। प्रणालीमा लगातार बिजुली थप भइरहेको छ।

चालू आवमा कुल ६२१ मेगावाट बिजुली थप भएको छ। केही आयोजनाबाट बिजुली थपिने क्रममा नै छ। आगामी आवमा कुल ७०० मेगावाट बढी बिजुली थप हुने सरकारले प्रक्षेपण गरेको छ।

हाल प्रणालीमा प्राधिकरणको १० हजार ६७७ मेगावाट घण्टा, प्राधिकरणका सहायक कम्पनीबाट ११ हजार २५१ मेगावाट घण्टा, निजी क्षेत्रका आयोजनाबाट १४ हजार ९२२ मेगावाट घण्टा बिजुली उपलब्ध छ।

भारततर्फ बिजुली निर्यातको मात्रा बढेपछि टनकपुर बिन्दुबाट भने दुई हजार ८६ मेगावाट घण्टा बराबरको बिजुली आयात भइरहेको छ। पूर्वको बिजुली पश्चिम पठाउने प्रसारण लाइनको क्षमता नभएका कारण टनकपुरबाट बिजुली आयात गर्नुपरिरहेको छ।

पश्चिम क्षेत्रमा ठूला जलविद्युत् आयोजना नभएकोले त्यहाँको आन्तरिक माग धान्न पनि बिजुली आयात गर्नुपरिरहेको छ।

प्राधिकरणले कुल ८७ मेगावाट बिजुली आयात गरिरहेको छ। त्यसलाई वर्षाको समयमा रोक्नका लागि पनि पूर्वको बिजुली पश्चिम पठाउने प्रसारण लाइन निर्माणमा भइरहेको अवरोध हट्नुपर्छ।

नवलपरासीको दुम्कीबासमा दुईवटा टावर निर्माणमा स्थानीयवासीले अवरोध गरेका कारण विगत १२ वर्षदेखि निर्माण सम्पन्न हुन सकेको छैन। प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले लगातार प्रयास गरे पनि सर्वोच्च अदालतले आवश्यक फैसला नगरिदिंदा प्रसारण लाइन निर्माण हुन नसक्दा नेपालले बिजुली निर्यात गरेको खबर सुनेका पश्चिम नेपालका नागरिक भने खुशी हुन सकेका छैनन्।

**कागजमा .......**

उपभोक्ता हकहितका लागि ऐन–कानून तथा सयन्त्रको कमी छैन। यद्यपि कानूनको प्रत्याभूति नहुनु विडम्बनापूर्ण हो। पर्सा जिल्लाको कुरा गर्ने हो भने कथम्कदाचित हुने अनुगमनको नाममा पाँच/सातजना व्यवसायीलाई बिल–बिजकको गडबडी तथा मूल्य सूची नराखेको देखाएर कारबाई तथा जरिवाना गरिन्छ। त्यसपछि अनुगमनको कार्य महीनौं स्थगन रहने परम्पराले विकृति मौलाइरहेको छ। कमसल वा म्याद गुज्रेको वा ढक तराजुको गडबडीजस्ता नितान्त जिम्मेवारीपूर्ण अनुगमन एकादेशको कथाजस्तै छ।

यसै सेरोफेरोमा विभिन्न व्यक्तिहरूसँग विमर्श गरेकामध्ये केही व्यक्तिको विचार यस प्रकार छ :-

**प्रकाश थारू** (समाजिक अभियन्ता)




सेवाग्राहीहरूको विविध सेवाको जिम्मेवारीसँगै बजारको अनियमितता नियन्त्रण गर्नका लागि वाणिज्यका साथै गुणस्तर तथा नापतौल विभाग अन्तर्गत मातहतका विभिन्न निकायहरू छन्। उपभोक्ताको अधिकार रक्षाका निम्ति सम्बन्धित निकायले तदारुकता देखाउनुपर्छ। उपभोक्ता यति सीधासाधा छ कि कुनै न कुनै बहानामा ठगिइरहेको हुन्छ। उच्च स्तरका उद्योगी/व्यवसायी अर्थात् ग्याँस, तेल, चामललगायत उत्पादनकर्ताहरू, जसले पैकिङ सामग्री आपूर्ति गर्दछन्, उनीहरूबाट हामी बढी ठगिइरहेका छौं, जस्तो लाग्छ। किनभने पैकिङ गरिएका सामग्रीहरूको गुणस्तर र तौलमाथि विश्वास गर्नुको विकल्प छैन।

कतिपय सडक व्यवसायीहरू अहिले पनि पारम्परिक तराजु र ढकको सट्टा ईट–ढुङ्गा नै प्रयोग गरिरहेको देखेर आश्चर्य लाग्छ। वास्तवमा यस्ता गतिविधिहरू जनचेतना तथा अनुगमनको अभावमा भइरहेको भन्दा अतिश्योक्ति नहोला। पेट्रोल पम्पको कुरा गर्ने हो भने तिरेको पैसा बराबर पेट्रोल पाइयो कि पाइएन भन्ने कुराप्रति उपभोक्ताहरूमा आशङ्का उत्तिकै छ। किनभने मिटरमा गडबडीको सम्भावना हुँदैन भन्ने छैन। पेट्रोल पम्पमा अनुगमन तथा कारबाहीका समाचारहरू कथम्कदाचित पढ्न–सुन्न पाइन्छ। यसमा सम्बन्धित निकायको भूमिका र जिम्मेवारी दुवै छ। त्यस कारण सम्बन्धित निकाय कर्तव्यपरायण हुनुका साथै उपभोक्तालाई जागरुक बनाउन ध्यान दिनुपर्छ।

अनुगमनकर्ताहरूमाथि उपभोक्ताले विश्वास गर्नुको विकल्प छैन। ग्याँस सिलिन्डर होस् वा चामलको बोरा कहिले काहीं हामी पनि चेक गर्छौं। कानूनले कसैलाई पनि ठगी गर्ने छुट दिंदैन। बजारमा असल नियतका व्यापारीहरू पनि छन्। यद्यपि बजारमा असलभन्दा कुनियत मानसिकताको हालीमुहाली बढी छ। ठूला उद्योगी/व्यापारी होऊन् वा मझौला वा साना वा खुद्रा वा सडक व्यवसायी, कसैले पनि उपभोक्ताको अधिकारको हनन गर्नु हुँदैन। अतिरिक्त लाभ वा प्रतिस्पर्धाको नाममा गुणस्तर वा नापतौलमा उपभोक्तालाई ठग्नु दण्डनीय अपराध हो।

**ओमप्रकाश सर्राफ** (युवा नेता)

जनसरोकारको विषय उठान गर्नु



भएकोमा तपाईलाई धन्यवाद दिन चाहन्छु। किनभने सामाजिक सरोकारका यस्ता विषयहरू बिरलै कसैले उठान गर्छ।

नेपालको सेरोफोरोमा भन्ने हो भने 'कन्जुमर राइट'को ठाडो उल्लङ्घन भइरहेको छ। उपभोक्ता अधिकार अन्तर्गत गुणस्तर, तौल, सुपथ मूल्यका साथै मोल–मोलाइ गर्नेलगायत अधिकार हुन्छ। कुनै न कुनै बहानामा उपभोक्ता ठगिइरहेका छन्। उपभोक्ताको अधिकार हनन हुनुको पछाडि सरकारी रवैया र व्यापारीको कुनियत नै मूल कारण हो। पैकिङ सामग्रीमा गुणस्तर र तौल भगवान भरोसे छ। पेट्रोल पम्पको कुरा गर्ने हो भने मेशिनमा गडबडीका कुराहरू कहिलेकाहीं समाचारमा आउँछ। एकातर्फ उपभोक्ता सशङ्कित छ, अर्कोतर्फ कहीं न कतै त्रुटि पनि छ। पैसा अनुसारको गुणस्तर र तौल पाउने कुरामा विश्वासको वातावरण न्यूनप्रायः छ।

विडम्बना त के छ भने अनुगमनको नाममा रीत पुर्‍याउने उहिलेकै प्रचलन गणतन्त्र स्थापनापश्चात् पनि जारी छ। एकअर्कासँग साँठगाँठजस्ता प्रवृत्ति अन्त्य हुनुपर्छ। जबसम्म नियामक निकायद्वारा कडाइ हुँदैन, तबसम्म आम उपभोक्ताको अधिकार भगवान भरोसे नै रहन्छ।

**प्रेम पटेल** (सभापति, मानव अधिकार तथा शान्ति समाज, पर्सा)

पेशाले जे भए पनि सर्वसाधारण



उपभोक्ताझैं म पनि उपभोक्ता हुँ। सरकारमा आबद्ध पात्र होऊन् वा उपभोक्ता संरक्षण ऐनको प्रत्याभूति दिलाउने सरकारी कर्मचारी, उनीहरू पनि उपभोक्ता हुन्। उनीहरू बजारमा ठगिइरहेका छन् वा छैनन्, त्यो आम सरोकारको विषय होइन्। आम सरोकारको विषय के हो भने उनीहरू ऐन र सर्वसाधारण उपभोक्ताको हित अनुकूल काम गरिरहेका छन् कि छैनन्?

सूक्ष्मरूपले हेर्ने हो भने प्रत्येक उपभोक्ताले सामान खरीद गरी प्रत्यक्ष/अप्रत्यक्षरूपमा सरकारलाई कर बुझाइरहेको छ। त्यस कारण सरकारले आम उपभोक्तालाई सरकार तथा सम्बन्धित निकायले मापदण्ड अनुकूल बजारको वातावरण प्रत्याभूति गराउन सक्नुपर्छ।

केही महीना अघि वाणिज्य कार्यालय, पर्साले सामाजिक सचेतनासम्बन्धी कार्यक्रम त्रिजुद्ध विद्यालयमा आयोजना गरेको मलाई याद छ। बजारमा हुने अनियमिततासँग सम्बन्धित जनचेतनामूलक कार्यक्रममा सामाजिक, व्यावहारिक तथा कानूनी पक्षबारे विद्यार्थीहरूलाई बताइएको थियो। दुई दिने उक्त कार्यक्रमलाई सकारात्मक भन्नुपर्छ। यद्यपि त्यस्ता कार्यक्रम रीत पुर्‍याउने हदसम्म सिमित हुनुभएन। नियमिततातर्फ ध्यानदिनु पर्छ।

पेट्रोलियम पर्दाथमा पेट्रोल, डिजेलका साथै ग्याँसको तौल तथा सिलिन्डरको अवस्थालगायत विषय नियमित अनुगमन भित्र पर्नुपर्दछ। नियामक निकायको झारा टार्ने कामले अनियमितताले प्रश्रय पाउँछ। आम उपभोक्ताझैं साधारण वेषभूसामा बजार अनुगमन गरी टिपोट गर्नुपर्छ। त्रुटि देखिने ठाउँमा तत्काल कारबाही गर्नुपर्छ। यसको अलावा जनचेतनासम्बन्धी कार्यक्रम तथा सञ्चारमाध्यमबाट प्रचार प्रसार गराउनु उपयुक्त हुन्छ।

# समृद्धि र विकासका लागि समन्वय र सहकार्य आवश्यक –मुख्यमन्त्री

धनुषा, २७ जेठ/रासस

मुख्यमन्त्री लालबाबू राउतले प्रदेशको समृद्धि र विकासका लागि तीनै तहका सरकारबीच समन्वय र सहकार्य आवश्यक रहेको बताएका छन्।



तस्वीर: सौजन्य

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र मधेस प्रदेशद्वारा स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिका लागि आयोजित अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले विकास गर्ने थलो स्थानीय तह नै रहेको हुनाले तीनै तहका सरकारबीच समन्वय र सहकार्य आवश्यक छ भने।

उनले भने–"मधेसलाई समृद्ध बनाउन गरिने विकास निर्माणका काम स्थानीय तह मातहतकै गाउँठाउँमा हुनुपर्दछ, स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारले गर्ने विकास निर्माण त्यही ठाउँमा गर्नुपर्ने हुन्छ। तसर्थ तीनै तहको समन्वय र सहकार्यविना समृद्धि र विकास सम्भव छैन।"

मुख्यमन्त्री राउतले स्थानीय सरकारहरूले ल्याउने विकास निर्माणको योजनाहरूमा काँधमा काँध मिलाएर अघि बढ्न प्रदेश सरकार प्रतिबद्ध रहेको जानकारी दिए। प्रशिक्षणमा सरकार सञ्चालन तथा विकास निर्माणसँग सम्बन्धित जानकारी दिइने जनाइएको छ।

मधेस सरकारका प्रमुख सचिव कृष्णबहादुर राउतको अध्यक्षतामा भएको उक्त कार्यक्रममा धनुषा र पर्साबाहेक छ जिल्लास्थित स्थानीय तहका प्रमुख–उपप्रमुख, अध्यक्ष–उपाध्यक्षहरूको सहभागिता छ। प्रशिक्षण तीन दिनसम्म चल्नेछ।

# मेघ गर्जन/चट्याङसहित वर्षा

काठमाडौं, २७ जेठ/रासस

आजको मौसम प्रणालीमा नेपालको पूर्वी भूभागमा मनसुनी वायुको सामान्य प्रभाव र पश्चिमी तथा मध्य भूभागमा छ। राजधानी काठमाडौं उपत्यकामा बिहान पारिलो घाम लागेको छ। उपत्यकाको आकाशमा सामान्य तुवालो लागेको देखिन्छ।


तस्वीर: फाइल

स्थानीय वायुको प्रभावका साथै भारतको उत्तर प्रदेश र बिहारमा रहेको पूर्वपश्चिमी न्यून चापीय रेखाको प्रभाव रहेको छ।

उक्त मौसमी प्रणालीको प्रभावले अहिले प्रदेश १, मधेस प्रदेश र बाग्मती प्रदेशमा सामान्यदेखि पूर्ण बदली रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। गण्डकी प्रदेश र अन्य प्रदेशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही, प्रदेश १, मधेस प्रदेश, बाग्मती र गण्डकी प्रदेशका केही स्थानमा मेघ गर्जन/चट्याङसहित हल्का वर्षा भइरहेको छ।

दिउँसो प्रदेश १, मधेस प्रदेश, बाग्मती प्रदेश र गण्डकी प्रदेशलगायत अन्य प्रदेशका पहाडी भूभागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहने छ। प्रदेश १, बाग्मती प्रदेश र गण्डकी प्रदेशका केही स्थान तथा मधेस प्रदेशसहित अन्य प्रदेशका पहाडी भेगका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौंको अधिकतम २६.५ र न्यूनतम तापक्रम १९.५ डिग्री सेल्सियस रहेको छ।

# खुद्रा सामान बरामद

प्रस, वीरगंज, २७ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले बील बिजकभन्दा बढी खुद्रा सामान तथा लत्ताकपडा बरामद भएको जनाएको छ। बिहीवार राति ११:३० बजे वीरगंज–८ घण्टाघरबाट ना. ६ ख ७३६३ नं.को ट्रक चेकजाँच गर्दा बीलबिजकभन्दा बढी मालवस्तु भएकोले नियन्त्रणमा लिएको जिप्रका, पर्साका प्रवक्ता प्रनाउ ओमप्रकाश खनालले बताए।

उनले ट्रकमा रहेको बीलबिजक पनि शङ्कास्पद भएकोले ट्रक र बरामद सामानसहित आवश्यक कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया पठाएको बताए। प्रहरीले ट्रक र मालसामान नियन्त्रणमा लिए पनि चालकबारे कुनै कुरा उल्लेख गरेको छैन।




# सिम्रौनगढ नपा-११ का अध्यक्षद्वारा पदभार ग्रहण

प्रस, सिम्रौनगढ, २७ जेठ/

बाराको सिम्रौनगढ नगरपालिका–११ का वडाध्यक्ष सुरेन्द्रप्रसाद जयसवालले पदभार ग्रहण गरेका छन्।



तस्वीर: प्रतीक

कार्यक्रमका प्रमुख अतिथि समाजसेवी उपेन्द्रप्रसाद जयसवालले आजको अवस्था जनताको देन भएकोले आफ्नो काम इमानदारीपूर्वक गर्न आग्रह गरे। उनले सेवा दिंदा कसैलाई काखा कसैलाई पाखा नगर्न आग्रह गरे। जयसवालले विकासको काममा अगाडि बढ्न वडाध्यक्षलाई आग्रह गर्दै जनताको हक अधिकारको लागि सदैव कटिबद्ध हुन आग्रह गरे। उनले जनताप्रति उत्तरदायी भएर काम गर्न आग्रह गरे।

कार्यक्रममा समाजसेवी महेन्द्रप्रसाद जयसवाल, रामएकबालप्रसाद यादव, गौरीशङ्करप्रसाद कुशवाहा, रमाकान्त साहलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा स्वागत पलटप्रसाद र सञ्चालन नथुनी साहले गरेका थिए।

# १० महिनामा विदेशी मुद्राको सञ्चिति २१.१ प्रतिशतले ओरालो लाग्यो

काठमाडौं, २७ जेठ/रासस

सरकारले अनेक प्रयास गरे पनि विदेशी मुद्राको सञ्चिति ओरालो लाग्ने क्रम रोकिएको छैन। पछिल्लो १० महीनामा विदेशी मुद्राको सञ्चितिमा २१.१ प्रतिशतले कमी आएको पाइएको छ।

नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालू आवको १० महीनाको विवरण अनुसार विदेशी मुद्रा सञ्चिति मात्रै नौ अर्ब २८ करोड अमेरिकी डलर बराबर कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार २०७८ असार मसान्तमा रु १३ खर्ब ९९ अर्ब तीन करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १८ प्रतिशतले कमी आई २०७९ वैशाख मसान्तमा रु ११ खर्ब ४६ अर्ब ८८ करोड कायम भएको थियो।

अमेरिकी डलरमा यस्तो सञ्चिति २०७८ असार मसान्तमा ११ अर्ब ७५ करोड रहेकोमा २०७९ वैशाख मसान्तमा २१.१ प्रतिशतले कमी आई नौ अर्ब २८ करोड कायम भएको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७८ असार मसान्तमा रु १२ खर्ब ४४ अर्ब ६३ करोड रहेकोमा २०७९ वैशाख मसान्तमा १८.३ प्रतिशतले कमी आई रु १० खर्ब १७ अर्ब २७ करोड कायम भएको छ।

बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा रु एक खर्ब ५४ अर्ब ३९ करोड रहेकोमा २०७९ वैशाख मसान्तमा १६.१ प्रतिशतले कमी आई रु एक खर्ब २९ अर्ब ६१ करोड कायम भएको छ।

त्यस्तै २०७९ वैशाख मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २५.१ प्रतिशत छ।

चालू आवको दश महीनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७.३४ महीनाको वस्तु आयात र ६.५७ महीनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

**हिमाली क्षेत्रमा मूल्यवृद्धिको असर, अरु क्षेत्रमा कस्तो ?**

हिमाली क्षेत्रमा मूल्यवृद्धिको मात्रा समेत बढेको पाइएको छ।

हिमाली क्षेत्रपछि तराईमा पनि उल्लेख्य रूपमा मूल्यवृद्धिको चाप परेको एक विवरणमा उल्लेख छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आवको १० महिनाको विवरण अनुसार हिमाली क्षेत्रमा ८.२१ प्रतिशतले मुद्रास्फिती भएको छ।

केन्द्रीय बैंकका अनुसार तराई क्षेत्रमा मुद्रास्फिती ८.१५ प्रतिशत बराबर रहेको छ। काठमाडौं उपत्यकामा ७.३९ प्रतिशत, पहाडमा ७.८९ प्रतिशत बराबरको मुद्रास्फीति रहेको छ।

विसं २०७८ वैशाखमा काठमाडौं उपत्यकाको मुद्रास्फिती ३.६२ प्रतिशत, तराईमा ३.५१ प्रतिशत, पहाडमा ४.१४ प्रतिशत र हिमालमा १.३३ प्रतिशत बराबर थियो।

केन्द्रीय बैंकका अनुसार समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.१३ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.४५ प्रतिशत रहेको पाइएको छ। गत वैशाख मसान्तसम्म वार्षिक बिन्दुगत मासिक औसत मुद्रास्फिति ५.८४ प्रतिशत छ।

विसं २०७८ वैशाख महिनाको तुलनामा गत वैशाखमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत घ्यू तथा तेलमा मात्रै २४.८६ प्रतिशतले मूल्यवृद्धि भएको छ।

यस्तै, फलफूलमा १२.६१ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डामा ११.३० प्रतिशत, दाल तथा गेडागुडीमा १०.५३ प्रतिशत र सुर्तीजन्य पदार्थमा ९.७० प्रतिशतले मूल्यवृद्धि भएको छ।

साथै, गैर–खाद्य तथा सेवा समूह अन्तर्गत यातायातमा २१.८१ प्रतिशत, शिक्षा र मनोरञ्जनमा ११.६४ प्रतिशत तथा संस्कृति उपसमूहमा ८.२१ प्रतिशतको मुद्रास्फीति भएको पाइएको छ।

**शोधनान्तर घाटा दुई खर्ब ८८ अर्ब**

देशमा भित्रिनेभन्दा बाहिरिने मुद्राको मात्रामा वृद्धि भएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको १० महिनाको विवरण अनुसार शोधनान्तर स्थिति रु दुई खर्ब ८८ अर्ब ५० करोडले घाटामा रहेको छ।

अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु सात अर्ब ७५ करोडले बचतमा थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा पाँच करोड ५४ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा दुई अर्ब ४१ करोडले घाटामा रहेको पाइएको छ।

त्यस्तै समीक्षा अवधिमा चालु खाता रु पाँच खर्ब ४७ अर्ब ३६ करोडले घाटामा छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु दुई खर्ब ५१ अर्ब २९ करोडले घाटामा रहेको थियो। समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर ४१.३ प्रतिशतले कमी आई रु सात अर्ब ९९ करोड कायम भएको छ। यस्तै खुद प्रत्यक्ष वैदेशिक लगानी १८.२ प्रतिशतले वृद्धि भई रु १६ अर्ब ६५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु १३ अर्ब ६२ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु १४ अर्ब आठ करोड रहेको थियो।

# मिटरब्याजी तेलीलाई पक्रन प्रमको निर्देशन

काठमाडौं, २७ जेठ/रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले सप्तरीका मिटरब्याजी रामदेव तेलीलाई पक्राउ गरी अनुसन्धान अघि बढाउन निर्देशन दिएका छन्। उनले आज गृहमन्त्री बालकृष्ण खाँणलाई मिटरब्याजी तेलीलाई पक्राउ गरी अनुसन्धान अघि बढाउन निर्देशन दिएको प्रधानमन्त्रीका प्रेस प्रमुख गोविन्द परियारले बताए।

तेलीले चर्को ब्याज लिएर जिल्लाका विपन्न सर्वसाधारणको शोषण गर्ने गरेको समाचार सार्वजनिक भएको थियो।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | एम्नेष्टी इन्टरनेशनल | स्वास्थ्य शिविर | नृसिंह मावि, वीरगंज–१५ | १०:०० |


## सवारी दुर्घटनाबाट बचौं र बचाऔं।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारी साधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं।
- अनियन्त्रित र तीव्र गतिमा सवारी साधन नचलाऔं।
- समय–समयमा सवारी साधनको मर्मत संभार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## ज्ञापनपत्र बुझाउन.....

हात्ती, बाघ जस्ता वन्यजन्तुको वासस्थान मासिनेलगायत कुरालाई आधार बनाएर विमानस्थल निर्माणको विपक्षमा निर्णय गरेसँगै सोही दिनदेखि निजगढमा चरणबद्ध विरोध र सङ्घर्षको कार्यक्रम जारी छ।

यसैगरी सामाजिक अभियन्ताहरू २४ घण्टे रिले अनशनमा बसेका छन्। उनीहरूले दैनिक तीन घण्टा निजगढको शहीदचोकमा सडक अवरुद्ध गर्दै प्रदर्शन गरिरहेका छन्। सरोकार समितिका सहसंयोजक भण्डारी र कृष्णप्रसाद खरेलले माग पूरा नहुन्जेल आन्दोलन निरन्तर रहने बताए।

कोरियन कम्पनीले २४ लाख रूख मासेर स्मार्ट सिटी शहरसहितको अत्याधुनिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने गरी डिजाइन बनाएसँगै वातावरण, पर्यावरणको नाममा विमानस्थल बनाउन नहुने एकथरी वातावरणविद्हरूले तर्क गर्दैछन्। बढीमा ५ लाख रूख मासेर स्मार्ट सिटी शहररहित सुविधा सम्पन्न अत्याधुनिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न सकिने अर्काथरी विज्ञ एवं जानकारहरूको भनाइ छ।

प्रस्तावित निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कमभन्दा कम रूख मासेर बनाउन सकिने, पानीको मूल, खोलाखोल्सी, जरूवा, सिमसार क्षेत्र संरक्षण गर्न सकिने आधार र रूखको सोधभर्ना गर्न सकिने तत्कालीन प्रस्तावित निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजना प्रमुख ओम शर्माले खाका प्रस्तुत गरेका छन्।

करीब २७ वर्षदेखि निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न सरकार अघि बढेको र ७ वर्ष यतादेखि विमानस्थल निर्माणका लागि चारकिल्ला तोक्ने, तारबार गरी विमानस्थल निर्माण गरिने, जमीन घेर्ने, पसाहा र बकैया खोलामा तटबन्ध निर्माण गर्ने, मुआब्जा वितरण गर्नेजस्ता कार्य अन्तिम चरणमा छ।

टाँगियाबस्तीलाई अन्यत्र सार्न सरकारको योजना अन्तिम चरणमा रहेको बेला सर्वोच्चले एकाएक विमानस्थल निर्माणको विकल्प खोज्न निर्णय भएपछि यसको चौतर्फी विरोध भइरहेको हो।